# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मालिकार्जुन गाउँपालिका
## दार्चुला

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मालिकार्जुन गाउँपालिका
## दार्चुला

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मालिकार्जुन गाउँपालिका

## दार्चुला

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
सुदूरपश्चिम प्रदेश

मितिः२०८१।२।१२

प.सं. २०८०।८१

च.नं. १०४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

मालिकार्जुन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

दार्चुला ।

१. **कैफियत सहितको राय** – हामीले मालिकार्जुन गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ७८ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई रु.८ हजार फस्यौंट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२४ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६ लाख २६ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ६१ लाख ४२ हजार र पेश्की बाँकी रु.८ लाख ७५ हजार समेत रु.३ करोड ७० हजार रहेको छ । मालिकार्जुन गाउँपालिकाको गतवर्ष सम्म रु.२६ करोड ६८ लाख १४ हजार बेरुजु बाँकी रहेकोमा सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.२७ करोड ५६ लाख

८८ हजार रहेको छ । मालिकार्जुन गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने मालिकार्जुन गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी मालिकार्जुन गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

मालिकार्जुन गाउँपालिका,

दार्चुला ।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७२ | १३९ | ३००७८ | ० | २ | ८ | ७२ | १३७ | ३००७० | २४२६ | १६१४२ | १०६२६ | | | २६७६८ | ८७६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | २६६८१४ | ० | २११९६ | २४५६१८ | ० | ३००७० | २७५६८८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८० (चालु वर्षको)** | | | |
| १ | **२०७९।८०** | २९ | निर्देशिका विपरित अनुगमन भत्ता | ८४०० |
| | **चालु वर्षको जम्मा** | | | ८४०० |
| | **गत विगत वर्षतर्फको** | | | |
| २ | **२०७६।७७** | ३८ | बिल भरपाई बेगर खर्च | २१००० |
| ३ | **२०७५।७६** | ४ | शसर्त अनुदान संघीय सञ्चितकोषमा फिर्ता | २११७५४९२ |
| | **गत विगतको जम्मा** | | | २११९६४९२ |
| | **कुल जम्मा** | | | २,१२,०४,८९२ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१.

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा र १००.८१ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२० देखि २०८०।५। २५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय र व्यय तर्फ रु. १ अर्ब २९ करोड १ लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा एक कर्मचारीले नबूझाएको भत्ता तथा कर रकम रु १२,२७०, अर्को एक कर्मचारीले नपाउने दैनिक भ्रमण भत्ता रु. ९,५०० र विधालयहरुमा बढी निकासा भएको रकम रु ३,८८,६११ समेत रु. ४,१०,३८१ असुली भई सञ्चित कोष दाखिला भएको छ ।

**(ज) वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५४,८२,५६,३१०.२५ | ५०,१८,७५,८९९.३९ | | ५०,१८,७५,८९९.३९ | ४३,९०,०१,६७१.३९ | | ४३,९०,०१,६७१.३९ |
| क. प्राप्ति (संचितकोष मा आम्दानी बाँधिने) | | ५४,३५,५५,४१२.७५ | ४९,१९,६४,४०३.४९ | ०.०० | ४९,१९,६४,४०३.४९ | ४३,४६,३२,७९०.८९ | ०.०० | ४३,४६,३२,७९०.८९ |
| ११००० कर | ११ | ७,८४,६२,८५९.२० | ६,३६,०१,०८१.१० | ०.०० | ६,३६,०१,०८१.१० | ५,७५,१९,०९८.२९ | ०.०० | ५,७५,१९,०९८.२९ |
| १३००० अनुदान | | ४६,३१,०८,०००.०० | ४२,७०,१९,९१७.८४ | ०.०० | ४२,७०,१९,९१७.८४ | ३७,४९,८२,४५७.०० | ०.०० | ३७,४९,८२,४५७.०० |
| संघीय सरकार | १२ | ४४,३४,५६,०००.०० | ४१,०३,००,३७३.८४ | ०.०० | ४१,०३,००,३७३.८४ | ३५,७३,७५,९२५.०० | ०.०० | ३५,७३,७५,९२५.०० |
| प्रदेश सरकार | १२ | १,९६,५२,०००.०० | १,६७,१९,५४४.०० | ०.०० | १,६७,१९,५४४.०० | १,७६,०६,५३२.०० | ०.०० | १,७६,०६,५३२.०० |
| १४००० अन्य राजस्व | | १९,८४,५५३.५५ | १३,४३,४०४.५५ | ०.०० | १३,४३,४०४.५५ | २१,३१,२३५.६० | ०.०० | २१,३१,२३५.६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | ४७,००,८९७.५० | ९९,११,४९५.९० | | ९९,११,४९५.९० | ४३,६८,८८०.५० | | ४३,६८,८८०.५० |
| कोषहरु | | ४७,००,८९७.५० | ३४,९४,९७८.०० | ०.०० | ३४,९४,९७८.०० | ४२,४३,८८०.५० | ०.०० | ४२,४३,८८०.५० |
| धरौटी | | ०.०० | ६४,१६,५१७.९० | ०.०० | ६४,१६,५१७.९० | १,२५,०००.०० | ०.०० | १,२५,०००.०० |
| भुक्तानी (ग+घ) | | ५६,९३,४०,४४७.३२ | ५०,४५,९३,७१७.४५ | | ५०,४५,९३,७१७.४५ | ४४,१३,६०,८४६.०० | | ४४,१३,६०,८४६.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६,४६,३९,५४९.८२ | ४९,८९,५८,२४१.४५ | | ४९,८९,५८,२४१.४५ | ४३,९३,५९,९३०.०० | | ४३,९३,५९,९३०.०० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २२,७५,३५,०००.०० | २१,४७,९२,९८३.६० | ०.०० | २१,४७,९२,९८३.६० | १८,९०,४९,२२७.०० | ०.०० | १८,९०,४९,२२७.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,८०,७८,२२४.८२ | १०,८०,३७,३६७.६३ | ०.०० | १०,८०,३७,३६७.६३ | ११,९७,८८,३४६.०० | ०.०० | ११,९७,८८,३४६.०० |
| २५००० सहायता (Subsidy) | १८ | १,५४,००,०००.०० | १,३९,९५,०००.०० | ०.०० | १,३९,९५,०००.०० | ६९,४७,०००.०० | ०.०० | ६९,४७,०००.०० |
| २६००० अनुदान | १८ | ४७,५०,०००.०० | ४२,९९,९९८.०० | ०.०० | ४२,९९,९९८.०० | ०.०० | ०.०० | ०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ७६,७८,०००.०० | ५५,०१,४५३.०० | ०.०० | ५५,०१,४५३.०० | ८०,०९,६८१.०० | ०.०० | ८०,०९,६८१.०० |
| २८००० अन्य खर्च | १८ | ५४,३७,३२५.०० | ५३,८२,२१९.०० | ०.०० | ५३,८२,२१९.०० | १४,९१,३४७.०० | ०.०० | १४,९१,३४७.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १६,५७,६१,०००.०० | १४,६९,४९,२२०.२२ | ०.०० | १४,६९,४९,२२०.२२ | ११,४०,७४,३२९.०० | ०.०० | ११,४०,७४,३२९.०० |
| घ. अन्य भूक्तानी | | ४७,००,८९७.५० | ५६,३५,४७६.०० | | ५६,३५,४७६.०० | ४४,१३,६०,८४६.०० | | ४४,१३,६०,८४६.०० |
| कोषहरु | | ४७,००,८९७.५० | ४१,१२,०००.०० | ०.०० | ४१,१२,०००.०० | ०.०० | ०.०० | ०.०० |
| धरौटी | | ०.०० | १५,२३,४७६.०० | ०.०० | १५,२३,४७६.०० | २०,००,९१६.०० | ०.०० | २०,००,९१६.०० |
| ङ. यो वर्षको बचत (न्युन) | | (२,१०,८४,१३७.०७) | (२७,१७,८१८.०६) | | (२७,१७,८१८.०६) | (२३,५९,१७४.६१) | | (२३,५९,१७४.६१) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,५९,५२,८९६.५९ | | २,५९,५२,८९६.५९ | २,६१,६६,९५४.९३ | | २,६१,६६,९५४.९३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२,१०,८४,१३७.०७) | २,३२,३५,०७८.५३ | | २,३२,३५,०७८.५३ | २,३८,०७,७८०.३२ | | २,३८,०७,७८०.३२ |
| बैंक तथा नगद बाकी | २४ | | २,२८,२५,६४३.५३ | | २,२८,२५,६४३.५३ | २,५५,३६,७१४.३२ | | २,५५,३६,७१४.३२ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२. **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. २,५५,९३,४३०.३२ मौज्दात रहेकोमा यो वर्ष रु. २,५९,५२,८९६.६० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३,५९,४६६.२८ बढी जिम्मेवारी सारेको पाइयो । त्यस्तै सुत्रबाट तयार भएको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) को अनुसूचि १० सञ्चित कोषको हिसाबमा गत बर्षको जिम्मेवारी रु १,९५,६३,८९९.८२ रहेकोमा यो बर्ष रु २,१३,४९,५४९.८२ जिम्मेवारी सारेको छ । सञ्चित कोषमा गत बर्ष भन्दा रु १७,८५,६५० बढी जिम्मेवारी सारेको देखिन्छ । यसरी फरक जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ । त्यस्तै पालिकाले तयार गरेको एकिकृत आय व्यय विवरणमा बास्तविक धरौटी फिर्ता रु १५,२३,४७६ रहेकोमा रु ४,०९,४३५ बढी अर्थात रु १९,३२,९११ उल्लेख गरेको पाइयो । हिसाब मिलान प्रयोजनार्थ बढी रकम उल्लेख गरेको देखिएकोले सो को यथार्थता एकिन गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०९,४३५ |

३. **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु. १३,७५,९५,५२६.१५ र यस वर्षको भुक्तानी रु. १३,८०,०४,९६१.१६ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति (आय)** | **यसवर्षको भुक्तानी (व्यय)** | **बैङ्क मौज्दात** | |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २,५९,५२,८९६.५९ | ५०,१८,७५,८९९.३९ | ५०,४५,९३,७१७.४५ | २,२८,२५,६४३.५३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | २,५९,५२,८९६.६० | ६३,९४,७१,४२५.५४ | ६४,२५,९८,६७८.६१ | २,२८,२५,६४३.५३ | |
| फरक | ० | १३,७५,९५,५२६.१५ | १३,८०,०४,९६१.१६ | ० | |

४. **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७,९५,१४,०००, एकिकृत स्वास्थ्य पूर्वाधारतर्फको रु २,३९,५१,४५२.३८ गरी कुल रु १०,३४,६५,४५२.३८ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

५. **बैङ्क हिसाव विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १,४३,५५,७११.८६ | ३०,४५,०००.०० | १,१३,१०,७११.८६ |
| चालु खर्च खाता | ० | ४१,८१,६१५.४ | (४१,८१,६१५.४) |
| पुँजीगत खर्च खाता | ० | ३,०८,१३,०९० | (३,०८,१३,०९०) |
| विविध खर्च खाता | २,४७,४८२.६७ | ४,५७,०१७.५ | (२,०९,५३४.८३) |
| विपद व्यवस्थापन खाता | ९४,९७८.०० | ९४,९७८.०० | ० |
| धरौटी मौज्दात | ८१,२७,४७१ | ८१,२७,४७१ | ० |
| आन्तरिक राजस्व खाता | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| आन्तरिक अनुदान | ० | ० | ० |
| बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| **बैङ्क मौज्दात** | २,२८,२५,६४३.५३ | ४,६७,१९,१७१.९ | (२,३८,९३,५२८.३७) |

६. **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले प्रत्येक त्रैमासिक समाप्तीमा आन्तरिक लेखापरीक्षण नगरेको भएतापनि बार्षिक रुपमा भने गरेको देखिन्छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याइएको बेरुजु समयमै फस्यौंट गर्नुपर्नेमा गरेको देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई र सो बाट कायम भएका बेरुजु समयमै फस्यौंट गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,
- निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,
- समयमै आन्तरिक नियन्त्रण प्रणाली बनाई प्रभावकारी रुपमा लागु गर्नुपर्ने भनी बिगतका प्रतिवेदनहरुमा औंल्याइएकोमा स्थिति यथावत रहेको पाइयो । कानूनमा भएको व्यवस्थाको समयमै कार्यान्वयन नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

८. **बजेट अवण्डा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष गाउँसभाबाट स्वीकृत विनियोजन ऐन अनुसार निम्नानुसार बजेट तयार गरी खर्च गरेको पाइयो । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्नु वित्तीय अनुशासन र पारदर्शिताको दृष्टिकोणबाट उचित देखिएन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| **क्र.सं.** | **विनियोजित शिर्षक** | **बजेट रु** |
|---|---|---|
| १ | वडागत सिलिङ्ग | २,७१,००,००० |

| | | |
|---|---|---|
| २ | सडक निर्माण योजना | ५०,००,००० |
| ३ | अध्यक्ष स्वरोजगार कार्यक्रम | ४०,००,००० |
| ४ | संघीय सशर्त (पूँजिगत), विशेष, समपुरक र प्रदेश समपुरक, विशेष अनुदान | ८,४४,००,००० |
| **जम्मा** | | **१२,०५,००,०००** |

९. **योजनाको प्राथमिकीरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार २०४ वटा वडागत र ५२ वटा पालिकास्तरका गरी कुल २५६ योजनामा वजेट विनियोजन गरेकोमा रु ५ लाख मुनिका आयोजना मात्रै कुल आयोजनाको ९५.३१ प्रतिशत रहेको देखिन्छ ।स–साना टुक्रे आयोजनामा रकम विनियोजन गरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

| **क्र. सं.** | **कार्यक्रमको नाम** | **योजना सङ्ख्या** | **रु.२० लाखमाथिका योजना सङ्ख्या** | **रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या** | **रु.५लाख भन्दा कमका योजना सङ्ख्या** |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५२ | ० | ६ | ४६ |
| २. | वडा स्तरीय | २०४ | ० | ६ | १९८ |
| | **जम्मा** | **२५६** | **०** | **१२** | **२४४** |

१०. **योजना तथा वजेट कार्यान्वयन -** पालिकाको योजना तथा बजेट कार्यान्वयनको क्रममा देखिएका केही प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो ब्यवस्था कार्यान्वयन गर्न आवधिक योजना र मध्यकालीन खर्चको संरचना तयार गरेको छैन,
- दिगो बिकासका लक्ष्य तथा संघ र प्रदेशको आवधिक योजनासँग सामञ्जस्य हुने गरी आयोजना छनौट गर्न स्थानीय स्तरको आयोजना बैंक वा आयोजना सूचि बनाई कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन,

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ,
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १४ करोड ६९ लाख ४९ हजार भएकोमा प्रथम त्रैमासिकमा रु ३४ लाख ७४ हजार, दोश्रो त्रैमासिकमा रु. १ करोड २८ लाख ४९ हजार, तेस्रो त्रैमासिकमा रु. ३ करोड ४७ लाख, चौथो त्रैमासिकमा रु. ९, करोड ५९ लाख २६ हजार र असार महिनामा मात्रै रु. ५ करोड ७० लाख ६५ हजार खर्च भएको देखिन्छ । स्वीकृत बार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च गर्नुपर्दछ,
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु १४ करोड ६९ लाखको पूँजिगत खर्च गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. १ करोड ९६ लाख ८५ हजार रकमान्तर गरेको छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन,
- आन्तरिक राजस्व अनुमानमा कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण गरेको पाइएन,
- पालिकाको स्थानीय राजस्व क्षमताको खास अध्ययन गरी सोही अनुरुप राजस्व परिचालनको लागि विधि, उपकरण तथा जनशक्ति परिचालन भएको पाइएन ।
- मर्मत सम्भार कोष लगायतका कोषहरुको कार्यविधि कानून बनाइ कार्यान्वयन गरेको पाइएन,
- कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको देखियो,
- स्थानीय तथ्याकं तथा अभिलेख व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड तयार गरी कार्यान्वयन गरेको पाइएन । यसबाट स्थानीय तथ्याकं व्यवस्थापन प्रणाली भरपर्दो र विश्वसनिय देखिएन,
- पालिकाले आफ्नो स्वामित्वमा रहेका सबै प्रकारका चल अचल सम्पत्ति सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख राखेको भएतापनि पूर्ण नरहेको, वडागत रुपमा खरिद भई थप भएका वा वडाको जिन्सीमा दाखिला भएका जिन्सी समानहरुको अभिलेख एकिकृत रुपमा नहुँदा लेखापरीक्षणको क्रममा पालिकाको सबै जिन्सी समानहरुको बिष्लेषण गर्न सकिएन । सरकारी सम्पत्तीहरुको अभिलेख, संरक्षण तथा उपयोगलाई प्रभावकारी बनाइनुपर्दछ ।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

११. **ठेक्का व्यवस्थापन** - पालिकाले बजेट कार्यान्वयनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः

- नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,
- नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको,
- आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको,
- ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको,
- ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको,
- तयार गरिएका अभिलेखहरु खोजेका बखत तुरुन्त प्राप्त हुन सक्ने गरी फाइल व्यवस्थापन नगरेको,
- समयमै कार्य तालिका बमोजिम कार्य नगर्ने ठेकेदारलाई कानून बमोजिम जिम्मेवार बनाउन नसकेको,
- अधुरो ठेक्का तोडी कालो सूचिमा राख्ने कार्वाही अगाडी नबढाएको,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्नेमा नतोकेको,

पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरुका कारण आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन । साथै तोकिएका अभिलेख समेत नराख्ने कमजोरीहरु समयमै सुधार गरी आयोजना छनौट, कार्यान्वयन तथा मूल्यांकन कार्यालाई मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी बनाइनुपर्दछ ।

---

१२. **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले तयार गरेको संगठन सर्वेक्षण प्रतिवेदन अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित १७० दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित १५६ पदपूर्ति भएको देखिन्छ । उक्त प्रतिवेदनले प्रस्तावित नयाँ दरबन्दी २१४ रहने उल्लेख गरेको पाइयो । पालिकाबाट प्राप्त विवरण अनुसार करार शिर्षकमा रु २,३८,८७,०५९ खर्च गरेको देखिन्छ । पालिकाले करार नियुक्ती गर्दा आन्तरिक आय क्षमतालाई समेत ध्यान दिनुपर्नेमा सो गरेको पाइएन । पालिकाको यो बर्ष कुल आन्तरिक आय रु ३०,३०,४२५ मात्रै रहेकोमा करार शिर्षकमा मात्रै तलब भत्ता कुल आन्तरिक आयको ७८८ प्रतिशत खर्च गरेको देखिन्छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नपाइने व्यवस्था भएतापनि पालिकाले इन्जिनियर, सब इन्जिनियर र खानेपानी तथा सरसफाई टेक्निसियन, ल्याब टेक्निसियन समेत ११ जना नियुक्ती गरी तलब भत्ता खर्च लेखेको छ । ऐनको व्यवस्था बिपरित कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन । उल्लिखित कमजोरीमा सुधार हुनुपर्दछ ।

---

१३. **न्यायिक समिति बैठक भत्ता** - पालिकाले तयार गरेको कार्यसञ्चालन निर्देशिका २०७९ ले समिति वा कार्यदलका कुल सदस्य बाहेक सो संख्याको बढीमा २५ प्रतिशतले हुन आउने संख्यामा विज्ञ, आमन्त्रित

सदस्य वा कर्मचारीलाई मात्र यस निर्देशिका बमोजिम बैठक भत्ता उपलब्ध गराइने व्यवस्था छ । पालिकाले भौचर नं १०७ मिति २०७९।९।७ मा न्यायिक समितिको ५ वटा बैठकको लागि बैठक भत्तामा मात्र रु ४२,००० खर्च गरेको छ । न्यायिक समितिका ३ जना र २५ प्रतिशत आमन्त्रीत संख्या अर्थात १ जना थप समेत जम्मा ४ जनाको प्रति बैठक रु १००० को दरले हुने रु २०,००० खर्च गर्नुपर्नेमा बढी खर्च गरेको ले निर्देशिकाले तोके बमोजिम खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१४. **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई गाउँपालिका चालुतर्फ रु.२,६४,९२,२८५ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१५. **आर्थिक सहायता** - कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूँजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले खास प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएको भएतापनि पालिकाले उद्दार, राहत तथा पुनर्स्थापना खर्च शिर्षक बाट विभिन्न व्यक्ति तथा संस्थाहरुलाई रु ७,१०,०९५ खर्च गरेको छ भने अन्य सामाजिक सहायता शिर्षकमा रु ३,००,००० भत्ता बितरण गरेको छ । उल्लिखित कमजोरीमा सुधार गर्दै यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको बिकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ ।

१६. **खर्च मापदण्ड** - पालिकाले तयार गरेको कार्य सञ्चालन निर्देशिका २०७९ मा उल्लेख भएको विभिन्न भत्ता दरहरु प्रदेश कानून तथा संघीय कानूनले तोकेको भन्दा निम्नानुसार फरक रहेको पाइयो ।आफ्नो आन्तरिक आय कमजोर रहेकोले पालिकाले सञ्चालन गर्ने अधिकांश कार्यक्रमहरु संघीय तथा प्रदेश अनुदान र राजस्व बाँडफाँडमा भर परेको देखिन्छ । यस्तो अवस्थामा खर्चलाई मित्व्ययी बनाउनतर्फ ध्यान दिनुपर्नेमा संघीय अर्थ मन्त्रालयले तयार गरेको खर्च मापदण्ड भन्दा बढी दरहरु कायम गरी बनाइएको स्थानीय खर्च मापदण्ड बाट तालिम, गोष्ठी, सेमिनार तथा बैठकहरुमा भत्ता, मसलन्द तथा खाना खाजामा खर्च गर्ने गरेको पाइयो । यसरी बढि दरहरु कायम गरी खर्च गर्नु उचित देखिएन ।उल्लिखित कमजोरीमा सुधार गरी सार्वजनिक खर्चलाई मित्व्ययी र प्रभावकारी बनाईनुपर्दछ ।

| **विषय** | **संघीय/प्रदेश कानून बमोजिम** | **स्थानीय निर्देशिका बमोजिम** |
|---|---|---|
| तालिममा सहभागी भत्ता (२१ दिनसम्मको तालिममा खानेबस्ने खर्च) | ७०० | १००० |
| तालिम सहभागी खाना खाजा | २०० | ५०० |

| | | |
|---|---|---|
| सहभागी मसलन्द | ६० | २५० |
| प्रशिक्षक कक्षा सञ्चालन र कार्यपत्र | १४०० | ३००० |

१७. **अनुदान** - पालिकाले गाउँपालिका चालु तर्फ भौचर नं २९३ मिति ०७९।१२।७ बाट मालिकार्जुन मा.वि. मडलाई प्राविधिक धार सञ्चालन अनुदान भनी रु ५ लाख र शिक्षक दरबन्दी तथा अनुदान प्राप्त नगरेका विद्यालयहरुलाई एकमुष्ठ अनुदान भनी श्री जनज्योती आवि देवपुरलाई रु १० लाख अनुदान दिएको देखिन्छ । उक्त अनुदानको रकम तोकिए बमोजिम प्रयोग भए नभएको सुनिश्चित हुने गरी अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

१८. **समपुरक खर्च योगदान** - सूदुरपश्चिम प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ मा समपुरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागतमध्ये चालीस प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानीय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ । उल्लेखित व्यवस्थाअनुसार कार्यालयले गोश्वारा भौचर नम्बर १५-०८०-३-२४ बाट अडाखान देबल सडक निर्माण योजना मा.गा.पा-४ सडक निर्माण कार्यमा रु १५,५२,३८८ खर्च गरेकोमा उल्लेखित व्यवस्था अनुसार रु. ६,२०,९५५ प्रदेश समपुरकबाट खर्च लेख्नुपर्नेमा पुरै रकम प्रदेश समपुरकबाट लेखेकोले कार्यविधिभन्दा बढी खर्च लेखेको रु ९,३१,४३३ प्रदेश सञ्चित कोषमा थप ब्ययभार पर्न गएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,३१,४३३ |

१९. **नामनामेसी नखुलेको धरौटी** - सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को दफा ६८ मा प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा तोकिए बमोजिमको दाँचामा गोश्वारा धरौटी खाता, व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी प्रत्येक वर्ष जिम्मेवारी सार्नु पर्ने व्यवस्था छ ।पालिकाको धरौटी खातामा चालु आ.व.मा पालिकाकै नाम रु ३७,४३,८७४.९ धरौटी रकम जम्मा भएको देखिन्छ । उक्त नामनामेसी नखुलेको धरौटी रकम पालिकाले सम्बन्धित व्यक्ति/फर्म वा निर्माण व्यवसायीको भुक्तानी गर्नु पर्ने रकमबाट धरौटी कट्टी गरी एकमुष्ट जम्मा गरी पालिकाकै नाममा अभिलेख राखेको पाइन्छ ।उक्त नामनामेसी नखोलि पालिकाकै नाममा राखिएकोले यस सम्बन्धमा प्रयोजन र अवधि सकिएका धरौटी यकिन गरी सदरस्याहा गर्ने र व्यक्तिगत धरौटी खाता समेत अद्यावधिक गर्नुपर्दछ ।

२०. **राजश्व अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन 2076 को दफा 51 मा ऐन बमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले नगदी रसिद नियन्त्रण खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोट मात्र गरेकोले पेश गरे अनुसारका नगदी रसिद मात्र प्रयोग भएका हुन भन्न सकिने अवस्थाप्रति विश्वस्त हुन सकिएन । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । यसले गर्दा

व्यक्तिहरुले छुट्टै रसिद छपाउने, पुराना रसिद ठेलीहरु नवीकरण नगरी प्रयोग गर्ने, उठेको राजश्व रकम भन्दा कम देखाउने जस्ता जोखिम विद्यमान रहन्छ ।यस सम्बन्धमा विगतको महालेखा परीक्षकको प्रतिवेदनमा औल्याइए पनि सोमा सुधार नभई चालु आ.व.मा पनि सोही प्रकृतिको कार्य दोहोरीएको छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनु पपर्ने देखिन्छ ।

२१. **स्रेस्ता तथा अभिलेख** - पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शिर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानून बमोजिम जिम्मेवार बनाइ आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ ।

- म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता
- म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व)
- म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता
- म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता
- म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता
- म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब

२२. **पेश्की बाँकी -**

२२.१ **म्याद नाघेको पेश्की :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार निम्न व्यक्ति तथा संस्थाले लिएको म्याद नाघेको पेश्की यो वर्ष रु ८,७५,९९० रहेको व्यहोरा कार्यालयबाट उपलब्ध आर्थिक विवरणबाट देखियो । आर्थिक वर्षको अन्त्यसम्म पनि फस्यौंट नभई बाँकी रहेको पेश्की रकम नियमानुसार फस्यौंट हुनु पर्ने रु

| सिं नं | पेश्की लिने व्यक्ति/ फर्म / कम्पनीको नाम | कार्यक्रम/ योजना | पेश्की रकम रु |
|---|---|---|---|
| ४ | लक्ष्मी धामी | गरिबी निवारण कार्यक्रम | ४५०००० |
| ५ | लोकेन्द्र सिंह धामी | सभा संचालन खर्च | १६०००० |
| ६ | आरती शर्मा | सहकारी प्रर्वदन तथा व्यवस्थापन | ६०००० |

| | | | |
|---|---|---|---|
| ७ | हरिना जोशी | संस्थागत क्षमता विकास | १९०००० |
| १ | महेश सिंह धामी चालक | भ्रमण खर्च | ६००० |
| २ | महेश सिंह धामी चालक | सवारी साधन तथा मेशिन आजार भाडा | ९९९० |
| जम्मा | | | ८७५९९० |

| | |
|---|---|
| पेश्की | ८,७५,९९० |

२२.२ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने तथा केन्द्रिय निकायले सो को एकीकृत लगत बनाई महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ ।यो वर्ष पालिकामा म्याद ननाघेको मोविलाइजेशन पेश्की देहाय बमोजम रु १,१४,००,००० रहेको व्यहोरा कार्यालयबाट उपलब्ध आर्थिक विवरणबाट देखियो । आर्थिक वर्षको अन्त्यसम्मा पनि फस्यौंट नभई बाँकी रहेको पेश्की रकम नियमानुसार फस्यौंट हुनुपर्दछ ।

| **गो.भौ.स./मिति** | **पेश्की लिने व्यक्ति/फर्म/कम्पनीको नाम** | **कार्यक्रम/योजना** | **पेश्की रकम रु** |
|---|---|---|---|
| ४२-२०८०/१/२३ | धुलिखेल एल वि ए वि जे भी | समपुरक कोष | २७००००० |
| २३-२०८०/१/२३ | धुलिखेल एल वि ए वि जे भी | गा पा प्रशासकिय भवन निर्माण | ३०००००० |
| ४१-२०८०/३/२१ | धुलिखेल एल वि ए वि जे भी | गा पा प्रशासकिय भवन निर्माण | ५७००००० |
| जम्मा | | | ११४००००० |

२३. **सवारी साधन मर्मत** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी सवारी साधन मर्मत शिर्षकमा रु ४,२७,१२७ र मेशिनरी औजार मर्मत सम्भार तथा सञ्चालन शिर्षक स्काइभेटर सञ्चालन तथा व्यवस्थापन समेत रु २६,७३,३४९ खर्च लेखेको छ । नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

२४. **छपाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष योजना खाता १२०० थान छपाई बापत भौचर नं १३४ मिति ०७९।९।१८ मा एक प्रिन्टिङ्ग प्रेसलाई रु ४,००,०७४ भुक्तानी गरेको छ ।पालिकाको यो बर्ष वडास्तरिय र पालिकास्तरिय योजना संख्या २५६ मात्र रहेकोमा आवश्यकता भन्दा ज्यादा छपाई गरी मौज्दात राखेको उचित देखिएन । छपाई भएको कागजात लामो समयसम्म मौज्दात राख्दा बिग्रने र नष्ट हुने सम्भावना रहन्छ । छपाई भएको योजना किताब सहि प्रयोग भएको सुनिश्चितता हुनुपर्दछ ।

२५. **गाडी भाडा** -

२५.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ (२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिति गठन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्पेशिफिकेसन, अवस्था र आयु, प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता बिषयहरुलाई बिचार पुर्याउनुपर्ने उल्लेख छ । तर पालिकाले यो बर्ष कार्यालय प्रयोजनको लागि नियमित एक यात्रुवाहक सवारी साधन मासिक रु १,२५,००० को दरले भाडामा लिदाको रु १५,००,०००, मर्मत खर्च रु २४,००० मध्ये गाउँपालिका चालु शिर्षकबाट खर्च लेखिएको रु ११,८३,०००, प्रयोजन नखुलाई गरिएको सम्झौताको आधारमा पटक पटक विभिन्न व्यक्तिहरुलाई गाडी भाडा बापत भुक्तानी दिएको रु ८,८८,५०० र पूँजिगत शिर्षकबाट गाडी भाडाबापत खर्च लेखिएको रु १०,००,००० गरी कुल रु ३०,७१,५०० खर्च गर्दा उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद नगरी व्यक्ति तथा संस्थासँग सोझै सम्झौता गरेको पाइयो । यसरी खरिद नियमावलीले तोकेको प्रक्रिया अपनाएको नदेखिएकोले खर्च रकम अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३०,७१,५०० |

२५.२ पालिकाले सवारी साधन भाडा तथा मर्मत अन्तर्गत गाडी धनी सिद्धराज पन्त सँग मासिक रु १,२५,००० को दरले १२ महिनाको रु १५,००,००० र बर्षमा दुइपटक मर्मतको लागि रु १२,००० को दरले रु

२४,००० गरी कुल रु १५,२४,००० भुक्तानी गर्नुपर्नेमा पूँजिगत शिर्षक तर्फ भौचर नं १७३ बाट रु १०,००,००० र गाउँपालिका चालु तर्फको भौचर नं १४, ५६, ६४, ९१ र १५० बाट क्रमशः रु ३,७२,०००, रु ७३,०००, रु ६३,०००, रु ३,७५,००० र ३,००,००० गरी रु ११,८३,००० गरी दुवै शिर्षकबाट कुल रु २१,८३,००० भुक्तानी भएको पाइयो । सम्झौता अनुसार कुल भुक्तानी हुनुपर्ने भन्दा रु ६,५९,००० बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी रकम सम्बन्धमा थप एकिन गरी सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५९,००० |

२६. **सिमा भन्दा बढी खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१ क२) मा कम्पनीको आधिकारीक मर्मत वा सर्भिस सेन्टरबाट रु ५ लाख रुपैयाँसम्मको सवारी साधन मर्मत सोझै खरिद गर्न सकिने व्यवस्था छ ।तर पालिकाले स्काभेटर मर्मत कार्य गरे बापत एम.ए डब्लु अर्थमुभर्स प्रा.ली. लाई गाउँपालिका चालुको भौचर नं १६० र २८१ बाट रु १४,०६,९५३ संघीय पूँजिगत तर्फको भौचर नं ३७ बाट रु २,८९,४५०, गाउँपालिका पूँजिगत तर्फ भौचर नै १८० र १८१ बाट रु ५,४७,५५९ समेत कुल रु २२,४३,९६२ भुक्तानी गरेको छ । मर्मत कार्य गर्दा पाटपूर्जा फेरिएको हकमा पुराना पाटपुर्जाको अभिलेख राखी व्यवस्थापन गरेको देखिएन । उल्लिखित कमजोरीका साथै खरिद नियमावलीले तोकेको सिमाभन्दा बढी एकै फर्मबाट सोझै खरिद कार्य नियमसँगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २२,४३,९६२ |

२७. **जिबन बिमा** - सुदुरपश्चिम प्रदेश सरकारले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धी ऐन २०७६ मा पदाधिकारी तथा सदस्यले अनुसुची बमोजिमको रकममा नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था छ । कार्यालयले अनुसुचिमा उल्लेखित सुबिधाको अतिरिक्त गोश्वारा भौचर नम्बर ६४-०८०-३-२३ (गा.पा पुँजिगत) बाट समपुरक कोष मा बिनियोजित बजेट बाट सावधिक जीवन बीमा तथा दुर्घटना बीमा सञ्चालन कार्यबिधि,२०७९ कार्यपालिकाले पारित गरी ३७ सभा सदस्यको सन नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड बाट साबधिक जिबन बिमा ५ लाख सम्मको गराई रु. ९,९९,६२३ भुक्तानी गरेको देखियो । यसरी प्रदेश कानूनले तोकेको भन्दा भिन्न हुने गरी कार्यविधि बनाई खर्च लेख्नु उचित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,९९,६२३ |

२८. **भ्रमण अभिलेख एवं प्रतिबेदन** - भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची—६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमण गरेको भनी भ्रमण खर्च शिर्षकमा रु १६,६३,९१२ र अनुगमन तथा मूल्यांकन शिर्षकमा रु ९,१०,९६० खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन

सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।कतिपय अनुगमन पश्चात भ्रमण प्रतिवेदन राख्ने गरेको भएतापनि त्यस्तो प्रतिवेदन मापनिय सूचकको आधारमा तयार नभएको र अनुगमन गरिएको बिषयको सबल तथा कमजोरी पक्ष उजागर गरिएको देखिदैन । नियमावलीमा भएको व्यवस्थाको पूर्ण कार्यान्वयन गरी अनुगमन तथा मूल्याकंनलाई नतिजामूलक बनाइनुपर्दछ ।

---

२९. **अनुगमन भत्ता** - पालिकाले मकैको खोस्रा र परालबाट चटाई, चकटी र टोकरी बनाउने तालिमको लागि एक कर्मचारीलाई गाउँपालिका चालु तर्फ भौचर नं २९४, मिति २०७९।१२।२७ बाट रु ३,९९,०५० भुक्तानी दिएकोमा खर्च रकम मध्ये गाउँपालिका अध्यक्ष सहितले अनुगमन गरेको भनी दैनिक रु १६०० को दरले निम्नानुसार कुल २४,००० खर्च लेखेको पाइयो ।कुनै पनि तालिम, गोष्ठी तथा सेमिनारमा अनुगमन हुने तर सो को खास परिणाम नदेखिने हुदा यस्ता प्रकृतिका खर्चलाई नियन्त्रण गरी तालिम कार्यक्रमलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ । पालिका आफैले बनाएको कार्यसञ्चालन निर्देशिकामा तालिम कार्यक्रममा अनुगमनकर्तालाई भत्ता दिने व्यवस्था भएको नदेखिएकोले असुल हुनुपर्ने रु

| **पदाधिकारी/कर्मचारी** | **पद** | **भत्ता दर** | **खुद बुझेको** |
|---|---|---|---|
| हिरासिंह धामी | अध्यक्ष | १६०० | ४८०० |
| पार्वती धामी | सदस्य, महिला विकास समिति | १२०० | ३६०० |
| कलावती खत्री | सदस्य सामाजिक विकास समिति | १२०० | ३६०० |
| जानकी टमाटा | सदस्य महिला विकास समिति | १२०० | ३६०० |
| **जम्मा** | | | १५,६०० |

(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-२३ को निर्णयबाट रु.८,४०० सम्परीक्षण गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,६०० |

---

३०. **कार्यालय समान सम्बन्धि खर्च** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु १० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसमान सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामाग्रीमा रु. ७३,२१,०५७ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले

ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

३१. **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन** - विज्ञापन नियमन गर्ने ऐन २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६ क को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ १(क १) मा रु ५ लाख सम्म लागत अनुमान भएको परामर्श सेवा वा अन्य खरिद सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु ८,००,००० खर्च गरेकोमा उक्त व्यवस्थाको कार्यान्वयन गरेको पाइएन । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यम प्रयोग गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।

३२. **इन्धन खर्चको मापदण्ड** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी इन्धन कार्यालय प्रयोजनको पालिका चालु बाट रु ९,९८,५२४ तथा पालिका पुँजिगत बाट सडक निर्माण योजनामा बिनियोजित रकम बाट हेल्थ असिस्टेन्ट राम सिंह खत्री लाई पेश्की दिई गोश्बारा भौचर १६ र २४२ बाट रु. १०,००,००० समेत रु. १९,९८,५२४ खर्च गरेको छ। सवारी साधन अनुसार बर्षभरी के कती इन्धन प्रयोग भयो र सो मापदण्ड बमोजिम भए नभएको एकिन हुने गरी अभिलेख राखेको छैन । इन्धनको बिल प्राप्त गर्ने र सवारी लग बुक पनि पूर्ण नभरी र सम्बन्धीत पदाधिकारीले प्रमाणित नगरी खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाईनुपर्दछ । इन्धन खर्चलाई मितव्ययी बनाउन निश्चित मापदण्ड भित्र रहेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

३३. **भाडा रकम असुली** - मालिकार्जुन गाउँपालिकाको एक्साभेटर(सञ्चालन तथा व्यबस्थापन) कार्यविधि, २०७९ को दफा ७(ग) मा पालिकाको डोजर भाडामा लैजाने नागरिकले अनिबार्य रुपमा अग्रिम राजश्व अनुसुची १ बमोजिम बुझाउनुपर्ने उल्लेख गरेको छ । उल्लेखित दफा अनुसार पालिकाले एक भन्दा बढि दिनको लागी प्रति घन्टा १ बकेट रु. २५०० र २ बकेट रु. ३००० गरी राजश्व असुली गर्नु पर्ने देखिन्छ । कार्यालयले कैलाश निर्माण सेवा लाई मिति २०८०-१-५ देखी २०८०-१-०८ सम्म डोजर भाडामा दिई प्राबिधिकले ३७.७ घण्टा ब्रेकर सहित डोजर प्रयोग गरेको लगबुक तयार गरेको अबस्थाम रु. १,१३,१०० राजश्व असुल गर्नुपर्नेमा रु. २०,००० मात्र दाखिला भएकोले रु. ९३,१०० पालिकाले फर्म संग भाडा असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,१०० |

३४. **स्काभेटरमा इन्धन खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानूनबमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको, कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको कामको गुणस्तर र परिमाणसमेत सन्तोषजनक भएको, कुनै काम अनावश्यक रूपमा दोहोरो हुनेगरी नगरिएको, स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको जस्ता विषय सुनिश्चित भएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न सडकहरु सफाई कार्यमा जे.सि.बि.(एक्साभेटर) प्रयोग गरी निम्नानुसार कर्मचारीलाई इन्धन खरिद गर्ने प्रयोजनको लागी सडक निर्माण योजना तथा सडक पुर्बाधार निर्माण कार्यमा बिनियोजित बजेटबाट पेश्की उपलब्ध गराई बाटो सफाई तथा कटिङ्गको कार्य गरेको उल्लेख छ । कर्मचारी मार्फत खरिद भएको ईन्धन जिन्सी दाखिला गर्ने नगरेको, इन्धन भण्डारण को क्षमता तथा भन्डारण गर्ने स्थान एकिन नभएको, इन्धनको खर्च लेख्दा माग फारम स्विकृती गर्ने नगरेको, स्काभेटर मेशिनले नर्म्स अनुसार खपत हुने परिमाण गणना नगरेको, इन्धन खपत र कार्यको तुलना नगरेको जस्ता कमि कमजोरी देखिएकोले इन्धन खर्च रु.४४,९३,१७२ बास्तबिक र यथार्थपरक छ भनी आश्वस्त हुन सकिएन । अतः पेस्की दिई इन्धन खर्च गर्ने कार्यमा सुधार गरी इन्धन खपत बास्तबिक भए नभएको एकिन गरी खर्च रकम प्रभाबकारी भएको सुनिश्चितता गर्नुपर्दछ ।

| **भौ.नं./मिति** | **नाम** | **कामको विवरण** | **रकम** |
|---|---|---|---|
| १६-०७९-९-०५ | सुरेज राज जोशी | सडक निर्माण योजना (इन्धन) | ५००००० |
| ३१-०७९-१०-१५ | सुरेज राज जोशी | सडक निर्माण योजना(इन्धन) | ५००००० |
| ४६-०७९-११-१० | सुरेज राज जोशी | सडक निर्माण योजना(इन्धन) | ४९३१७२ |
| ६२-०७९-१२-१२ | सुरेज राज जोशी | सडक निर्माण योजना(इन्धन) | २०००००० |
| १९३-०८०-२-०९ | सुरेज राज जोशी | सडक निर्माण योजना(इन्धन) | ५००००० |
| २४१-०८०-३-२१ | सुरेज राज जोशी | सडक पुर्बाधार निर्माण(इन्धन) | ५००००० |
| | जम्मा | | ४४९३१७२ |

३५. **सुचना प्रकाशन** - विज्ञापन (नियमन गर्ने) नियमावली २०७७ (पहिलो संशोधन समेत) को नियम ६ क को उपनियम २ मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चारमाध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी

मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६ क को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ ।तर पालिकाले निम्नानुसारको भुक्तानीमा उपरोक्त व्यवस्थाको पालना गरेको देखिएन । त्यस्तै, गोरखापत्र संस्थान धर्मपथ काठमाण्डौले मिति २०७४/४/२३ को पत्रमा सरकारी बिज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नितिगत ब्यवस्था गरेको उल्लेख छ । गोरखापत्र बाहेक अन्य प्रकाशन समेतले सरकारी सुचना तथा बिज्ञापनमा छुट दिने निर्णय गरेको देखिन्छ। गाउँपालिकाले सरकारी बिज्ञापन प्रकाशन गर्दा सुचना को साईज उल्लेख नगर्दा एक पेज भरी छपाई गरेको,सुचना छपाई गर्न कायदिश नदिईएको,छुट प्रतिशत लिनको लागी सुचना प्रकाशन गरी दररेट कायम नगरेको, उल्लेखित ब्याबस्था बमोजिम छुट प्रतिशत नलिई अधिकतम १० प्रतिशत सम्म मात्रै छुट लिएको देखिन्छ । सरकारी बिज्ञापन प्रकाशन गर्दा उल्लेखित परिपत्र बमोजिम छुट नलिई कार्य गर्दा पालिकालाई १५ % अनुसार हुने निम्नानुसार रु.१,९८,३१७ थप ब्ययभार परेको छ । यसरी कानूनमा भएको उल्लिखित व्यवस्थाको परिपालना नगरी र थप व्ययभार पर्ने गरी खरिद गर्नु उचित नदेखिएको रु

| भौ.नं./मिति | फर्मको नाम | भुक्तानी रकम | थप ब्ययभार |
|---|---|---|---|
| २६-०७९-११-१२ | अपि कम्युनिकेशन प्रा.ली | २३५९४४ | ३५३९१ |
| २७-०७९-११-०२ | पदमादेबी ब्रोडकास्टिङ्ग प्रा.ली | ३३६३७२ | ५०४५५ |
| ४-०७९-९-१७ | अपि कम्युनिकेशन प्रा.ली | १७६९५८ | २६५४३ |
| ४७-०८०-३-२४ | अपि बिज्ञापन एजेन्सी | ३७८७५६ | ५६८१३ |
| | दार्चुला बिज्ञापन एजेन्सी | १९४०८६ | २९११२ |
| | जम्मा | १३२२११६ | १९८३१७ |

| अनियमित भएको | १,९८,३१७ |
|---|---|

३६. **उपभोक्ता समितिको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट संचालित निर्माण कार्यमा हेभी मेशिन प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सहमति लिइ मेशिन प्रयोग गर्न सकिने सो विपरित प्रयोग गरेको पाइएमा उपभोक्ता समितिसंग भएको सम्झौता रद्ध गरिने, नियम ९७(१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण

व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नलिखित उपभोक्ता समितिबाट कार्य गराएकोमा उपभोक्ता समितिले कानुनको पालना नगरी निर्माण ब्याबसायी बाट कार्य गराएको अबस्थामा रु.२५,१३,०७५ भुक्तानी गरेको छ । कानुनको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

| **भौ.नं.।मिति** | **आयोजनाको नाम** | **कामको बिबरण** | **खुद काम** | **भुक्तानी रकम** | **फर्मको नाम** | **रकम** |
|---|---|---|---|---|---|---|
| १४-०७९-९-०५ | हुनैनाथ मन्दिर प्रबेश द्वार | प्रबेश गेट | ७२१४२० | ६००००० | हुनैनाथ रानिबाश निर्माण सेवा प्रा.लि | ५७५६२२ |
| ८२-०७९-१२-१३ | वडा कार्यालय भवन निर्माण | फिल्ड निर्माण | १२१०१३२ | ९६०००० | सार्थक निर्माण सेवा | ९४९२०० |
| २२७-०८०-३-१० | मालिकार्जुन मा.बि मड | फिल्ड निर्माण | ११९५१७० | ९५३०७५ | सारुखा एण्ड वाट्सन निर्माण सेवा | ९९४४०० |
| | जम्मा | | | २५१३०७५ | | |

३७. **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाउँपालिकाल चालु तर्फ भौचर नं २७१ मिति २०७९।१२।१२ मा वडा नं ६ को जङ्गली जनावर रोकथामका लागि तारवार निर्माण कार्यको लागि उपभोक्ता समितिलाई भुक्तानी दिदा समितिले पेश गरेको बिल कागजात अनुसार कुल ८८१.३० किलोग्राम ग्याबियन खरिद भएको देखिन्छ । तर प्राविधिकको मूल्याकंनमा ३७२ बर्ग मिटर अर्थात प्रति बर्ग मिटर २.५५७ किलोग्रामको दरले कुल ९५१.२० किलोग्राम प्रयोग भएको उल्लेख छ । उपभोक्ता समितिले

खरिद गरेको भन्दा ६९.९० के.जी. बढी मूल्यांकन भएकोले प्रति के.जी. रु ३८६.०२ को दरले बढी भुक्तानी भएको रु २६,९८२ सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | २६,९८२ |

३८. **उपभोक्ता समिति परिचालन** - पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा आयोजनाको अनुगमन गर्ने गरेको भएतापनि त्यस्तो अनुगमन कार्य मापनिय सूचकको आधारमा नभइ सामान्य फाराममा भुक्तानीको सिफारिसमा मात्र सिमित रहेको, प्रत्येक चरणको गुणस्तर प्रमाण संलग्न नगरेको, बर्षेनी खण्ड खण्डमा आयोजनाको काम भएकोमा एकिकृत नापी किताब र आयोजनागत एकिकृत खर्च विवरण तयार नगरेको लगायका कमजोरीहरुका कारण उपभोक्ता समितिबाट भएका सबै कार्य मितव्ययी र गुणस्तरीय तवरले समयमै भएको छ भनी आश्वस्त हुन सकिएन । उपभोक्ता समिति परिचालन सम्बन्धी देखिएका निम्नानुसारका कमजोरीहरु समयमै सुधार गरी उपभोक्ता समिति परिचालन कार्यलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

- सञ्चालित योजनाको सूचनापाटीमा आय र व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत देखिन्छ । साथै मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको,
- सवै प्रकारका आयोजनाको प्रत्येक चरणमा गुणस्तर प्रमाण संलग्न नगरेको,
- उपभोक्ताको योगदान न्यूनरुपले जुटाएको,
- लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमती लिएको पुष्टचाईं नभएको अवस्थामा समेत नापजाँच गरी भुक्तानी दिने गरेको,
- लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको,
- पालिकाको योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण तथा उपभोक्ता समिति परिचालन सम्बन्धी निर्देशिका बनाई कार्यान्वयनमा नल्याएको,
- उपभोक्ता समितिले सञ्चालन गरेका कतिपय आयोजनाहरुमा अनुगमन समितिले अनुगमन गर्दा मापनिय सूचक सहितको फारामहरुको प्रयोग नगरेको र सबै आयोजनामा अनुगमन समिति संयोजक सहित सबै पदाधिकारीले अनुगमन नगरेको,
- उपभोक्ता समितिले आयोजना फरफारकको लागि पेश गरेको डोर हाजिर प्रमाणित नगरेको र कार्य सम्पन्न शुरु हुनु भन्दा अघिको र कार्य सम्पन्न पश्चातको फोटो मिति समेत खुलाई राख्ने नगरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,

भवन, सिचाई जस्ता एउटै आयोजना बर्षेनी खण्ड खण्डमा बजेट विनियोजन गरी कार्यान्वयन गरेकोमा सो को एकिकृत आयोजनागत खर्च विवरण र एकिकृत नापि तयार नगरेको ।स साना भवन जस्ता संरचनामा केही खण्डको मात्र कार्य गराई कार्य सम्पन्न तयार गर्ने गरेको ।

३९. **अनुपातिक कट्टी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था भएअनुसार भौचर नम्बर ३०-०७९-११-१५ बाट एरिछाना डाडाकोट सडकमा वाल निर्माण समितिलाई सडक सरसफाई तथा ग्याबियन भर्ने कार्यको समितिले २०% र पालिकाले ८०% बेहार्ने गरी सम्झौता भएको देखियो। निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएकाले बढी भुक्तानी भएको रु. २५,६६७ सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

| **भौ नंमिती** | **भुक्तानी पाउने** | **कामको विवरण** | **खुद काम** | **भुक्तानीहुनुपर्ने** | **भुक्तानी भएको** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| ३०-०७९-११-१५ | एरिछाना डाडाकोट सडकमा वाल निर्माण समिति | सडक सरसफाई तथा ग्याबियन भर्ने कार्य | ११७२२६१ | ९७४३३३ | १०००००० | २५६६७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,६६७ |

४०. **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनपर्ने व्यबस्था रहेको छ ।स्थानीय तहले सफ्टवेयर सोझै खरिद गरी देहाय बमोजिम रु. ४,९८,८९५ खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत नलिएको र सञ्चालनमा ल्याएको प्रमाण पनि पेश नगरेकोले यस्ता सफ्टवेयर स्वीकृति लिई सम्बन्धित परामर्शदाताबाट सम्झौता अनुसार प्रयोगमा ल्याएको सुनिश्चित गर्नुपर्ने रु.

| **भौ.नं./मिति** | **फर्मको नाम** | **सफ्टवेयर** | **रकम** |
|---|---|---|---|
| २४१, ०७९।११।२४(गापा चालु) | मितजी इन्कर्पोरेटेड प्रा.ली. कञ्चनपुर | अनलाइन परिक्षा व्यवस्थापन प्रणाली | ४९८८९५ |

| | |
|---|---|
| अनियमित भएको | ४,९८,८९५ |

४१. **बढी भुक्तानी** - पालिकाले चन्दनपुर— डाँडाकोट बाटो डिपिआर कार्यको लागि एक कन्सल्टेन्सी फर्मलाई गाउँपालिका चालु तर्फको भौचर नं ४६१, ०८०।३।१९ बाट रु ४,९८,३३० भुक्तानी भएकोमा संलग्न कागजात अनुसार मिति २०८०।३।११ मा सम्झौता भई मिति २०८०।३।१७ अर्थात ७ दिनमा कार्य सम्पन्न भएको देखिन्छ । तर उक्त फर्मले तयार गरेको प्रस्ताव टिम लिडरले २०.४ दिन काम गर्ने र प्राविधिक जनशक्तीले सोही अनुरुप काम गर्ने भनी दररेट पेश गरेको पाइयो । बढी दिन लाग्ने भनी प्रस्ताव पेश भएको र सोही अनुसार भुक्तानी समेत भएकोले बढी भुक्तानी हुन गएको रु ८६,७२५ सम्बन्धीतबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८६,७२५ |

४२. **स्पेशिफिकेसन र गुणस्तर** - सार्वनजिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले निम्नानुसारको समानहरु खरिद गर्दा नियमावलीको उक्त व्यवस्था अनुरुप लागत अनुमान तयार नगरेको र आपूर्तिकर्ताबाट समान प्राप्त भएपछी तोकिएको स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण समेत नगराई भुक्तानी दिएको पाइयो । यसरी खरिद गर्दा माग बमोजिमको स्पेशिफिकेसन र गुणस्तर बमोजिम नै समान प्राप्त भयो भनी आश्वस्त हुन सकिएन ।यस्तो कमजोरीमा सुधार हुनुपर्दछ ।यसरी खरिद गरिएका केही उदाहरणहरु निम्नानुसार छनः

| **भौचर नं र मिति** | **समानको प्रकार** | **आपूर्तिकर्ता** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २५८, ०७९।१२।५ | विभिन्न कार्यालय समान | शुभलक्ष्मी मल्टी ट्रेड एण्ड सप्लायर्स | ९९४४८० |
| २५९, ०७९।१२।९ | ५ थान ल्यापटप सहित विभिन्न समान | उग्रतारा ट्रेड सप्लायर्स | ६१९४९९ |
| ३२२, ०८०।१।२८ | जेनेरेटर र स्टेबलाइजर | एम.एस. ट्रेड इन्टरनेसनल | ९९६६६० |
| ३२३, ०८०।१।२८ | एल इ डि राइटिङ्ग ट्याब लगायत | ए टि एम इम्पोर्टस धनगढी | १७९८४५० |
| ५१६, ०८०।३।२३ | डेल ल्यापटप लगायत | वीर इन्टरनेशनल ट्रेडर्स एण्ड सप्लायर्स | ४५३६९५ |

४३. **खरिद प्याकेज -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढिको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१घ) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको खरिद एउटै, फर्म वा संस्थाबाट सोझै खरिद गर्न नहुने, नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ । सार्वजनिक निकायद्धारा भएको खरिदसम्वन्धी कार्यविधि र प्रक्रिया खुला, पारदर्शी एवम् प्रतिस्पर्धात्मक बनाउन खरिद योजना निर्माण गर्ने र कामको प्याकेज बनाई निर्माण कार्य प्रतिस्पर्धाबाट गर्नुपर्नेमा सो नगरी समपुरक कोषमा एकमुष्ट बजेट राखी तथा ठेक्काको बचत रकमबाट कार्यपालिकाले निर्णय गरी कार्यक्रममा उल्लेख नभएको निम्न अनुसारको कार्य गरी रु.६६,८५,८२१ खर्च गरेको नियमित देखिएन । कानुनको पालना तर्फ कार्यलयको ध्यान जानुपर्दछ ।

| **भौ नं मिती** | **फर्मको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ६०-०८०-३-२४ | ब्रह्म निर्माण सेवा प्रा.लि | धारा निर्माण | ९८६६९१ |
| ९-०८०-२-१७(प्रदेश पु.) | रेश्मी निर्माण सेवा | माटो काट्ने | ३९५३१३ |
| ६-०८०-१-१३(प्रदेश पु.) | बसन्त निर्माण सेवा | माटो काट्ने | ९९७९५३ |
| ९-०७९-६-२८(गा.पा पु.) | सार्थक निर्माण सेवा | सडक सरसफाई | ९९६६६० |
| ३-०७९-३-१८(गा.पा समपुरक) | सार्थक निर्माण सेवा | एरिछना डाडाकोट सडक कटिङ्ग | ९९१६०० |
| ५-०७९-७-१८(गा.पा समपुरक) | सार्थक निर्माण सेवा | धामिगडा-सेलिचमा शंकरपुर सडक कटिङ्ग तथा सफाई | ९९६०९५ |
| ८-०७९-९-१७(गा.पा समपुरक) | एम.के कन्स्ट्रक्सन | मालिकार्जुन भगवती सडकमा ग्याबियन भर्ने कार्य | ५६१९२१ |
| ९-०७९-९-१७(गा.पा समपुरक) | हुनैनाथ रानीबास निर्माण सेवा | मालिकार्जुन भगवती सडकमा ग्याबियन भर्ने कार्य | ७५९५८८ |
| **जम्मा** | | | **६६,८५,८२१** |

४४. **बढि भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स बमोजिम दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं. ५-०७९-७-१८ मा धामिगडा सेलिचन भगवती चादी शंकरपुर सडक सफाई तथा कटिङ्ग कार्य सार्थक निर्माण सेवा बाट कोटेशनको माध्यमबाट कार्य गराउदा कार्यालयले तयार गरेको दर विश्लेषण अनुसार सो कार्यमा प्रति घनमिटर रु. ९०.६२ रहेकोमा प्रति घनमिटर रु. १८३.८० उल्लेख भई प्रति घनमिटर रु. ९३.१८ का दरले खुद काम ४८३३.८७ घनमिटरको मू.अ.कर समेत रु. ५,०८,९७५ बढि मूल्याङ्कन भएको छ । बढि मूल्याङ्कन भएको रकम एकिन गरीअसुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,०८,९७५ |

४५. **बिल भर्पाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा बमोजिम बिलभरपाई संलग्न गरी खर्च लेख्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपनर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर ७३-०८०-३-२४ बाट एग्रोभोल्ट इन्टरप्राईजेज प्रा.ली लाई रु. २,३३,४२७ भुक्तानी गरेकोमा खर्चको साथ बिलभरपाई संलग्न छैन । कार्यालयले गोश्वारा भौचर २८७-०७९-१२-२३ (गा.पा.चालु) बाट सो फर्म लाई बिल बराबरको रु. ६,१९,४९९ भुक्तानी गरी सकेको अबस्थामा नपुग रकम भनी बिल बेगर भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३३,४२७ |

४६. **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम -** यो शिर्षकमा कुल रु ३,५१,८८,००० बजेट प्राप्त भएकोमा रु २,३९,५१,४५२.३८ खर्च गरेको देखिन्छ । पालिकाले उक्त बजेटबाट निर्माणाधिन १० शैया अस्पतालको लागि खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छनः

४६.१ **सम्झौता बमोजिम कार्य सम्पन्न नभएको -** पालिकाले ठेक्का नं MRM/NCB/W/5-077/078 अन्तर्गत १० शैया अस्पताल निर्माणको लागि राजेन्द्र निर्माण सेवा प्रा.लि.सँग मिति २०७८।३।२२ मा २४ महिनाको म्याद रहने गरी रु ७,३८,३३,५६७.४६ को सम्झौता गरेकोमा निर्धारित अवधी भित्र कार्य सम्पन्न भएको पाइएन । समयमै कार्य सम्पन्न गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४६.२ **मुल्य समायोजनमा बढी भुक्तानी -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ मा मूल्य समायोजन गर्न सकिने सम्बन्धी व्यवस्था छ । पालिकाले एकिकृत स्वास्थ्य पूर्वाधार तर्फको भौचर नं ८ मिति २०८०।३।२४ बाट चौथो रनिङ्ग बिल भुक्तानी गर्दा मूल्य समायोजन बापत मूल्य अभिवृद्धि कर समेत रु १९,१०,२२७.७२ पनि समावेश गरी भुक्तानी दिएको छ। नेपाल राष्ट्र बैङ्कले प्रकाशित गरेको मूल्य सूचकको आधारमा मूल्य समायोजको गुणाङ्क तयार गरेको कार्यालयले तयार गरेको जनाएको भएतापनि चौथो रनिङ्ग बिल कार्यालयमा पेश भएको ३० दिन अघिको श्रम र सामाग्री तर्फको चालु मूल्य सूचक बास्तविक भन्दा फरक प्रयोग गर्दा गुणाङ्क ०.१९३ हुनुपर्नेमा ०.२०४ भई निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर समेत रु १,०३,००२ बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०३,००२ |

४७. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता जस्ता मूल्यांकनको आधारहरु तोकेको छ । पालिकाले यो बर्ष निम्नानुसारका कार्यहरुको लागि परामर्श सेवा खरिद गरेकोमा खरिद ऐनले तोकेको उपर्युक्त मूल्याङ्कनका आधारहरु पुरा गरेको नदेखिएको, खरिद नियमावलीले तोके बमोजिमको ढाँचामा लागत अनुमान तयार नगरी एकमुष्ठ बजेटको आधारमा दर माग गरी खरिद गरेको, पेशागत विज्ञता खुल्ने प्रमाण कागजात माग गरी विज्ञता पुगे नपुगेको एकिन नगरी कार्य गराएको देखिन्छ । खरिद प्रक्रिया पालनामा देखिएका उल्लिखित कमजोरीहरुमा सुधार गर्दै खर्च रकम नियमित गर्नुपर्ने रु

| **भौचर नं. मिति** | **संस्था** | **कार्य** | **भुक्तानी रकम** |
|---|---|---|---|
| १८७, ०७९।९।२९ गापा चालु | निष्कर्ष रिसर्च सेन्टर प्रा.लि. | संगठन तथा व्यवस्थापन सर्वेक्षण | ३९५००० |
| २६९, ०७९।१२।९ गापा चालु | पि डि एस पि इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि | विद्यालय क्षेत्र विकास गुरुयोजना निर्माण | ४९७२०० |
| २७४, ०७९।१२।१३ गापा चालु | नेपाल इन्भाइरोन्मेन्ट एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | आधुनिक कृषि व्यवसायिक गुरुयोजना निर्माण | ४९७७६५ |
| ४६१, ०८०।३।१९ गापा चालु | **Circumspect consulting server design & cost estimate** | चन्दनपुर— डाँडाकोट बाटो डिपिआर | ४९८३३० |
| **जम्मा** | | | **१८८८२९५** |

| | |
|---|---|
| अनियमित भएको | १८,८८,२९५ |

४८. **कार्यक्रम बेगर कार्यपालिकाले निर्णय गरी समपुरक कोष को रकम परामर्श सेवामा खर्च** - सार्वजनिक खरिद नियमावलीमा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा आवश्यकता अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको परामर्श सेवाको खरिद कार्यक्रम बेगर कार्यपालिकाले निर्णय गरी समपुरक कोषको रकम प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.३१,८७,०३० खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन। यस्तो अध्ययन कार्य गराउँदा

लाग्ने खर्चको लागत अनुमान तयार गर्दा सडक सर्भेको लागी सडक बिभाग, भवनको लागी भवनको नर्म्स लगाई लागत अनुमान तयार गर्नुपर्नेमा सो बेगर बढि ब्ययभार पर्ने गरी डोलिडारको नर्म्स प्रयोग गरी खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरी आगामी दिनमा कार्यरत प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ । कार्यक्रम बेगर कार्यपालिकाले निर्णय गरी समपुरक कोष बाट खर्च लेखेको रकम नियमित नदेखिएको रु.

| भौ.नं./मिति | फर्मको नाम | कामको विवरण | रकम | बिबरण |
|---|---|---|---|---|
| ६८-०८०-३-२४ | गरुडा इन्जिनियरिङ्ग एशोसिएट्स प्रा.ली | सडक डि.पि.आर(१९.२ कि.मि) | १९७००२० | |
| ७४-०८०-३-२४ | एभरेष्ट इन्जिनियरिङ्ग कन्सल्टेन्ट | भू-उपयोग बर्गिकरण | ७१७५५० | सम्झौता १७९५०००। मध्ये प्रथम किस्ता भुक्तानी |
| ७५-०८०-३-२२ | ओम कन्सल्टेन्ट | बिध्यालय भवनको डि.पि.आर | ४९९४६० | सम्झौता १२५००००। मध्ये प्रथम किस्ता भुक्तानी |
| | जम्मा | | ३१८७०३० | |

| अनियमित भएको | ३१,८७,०३० |
|---|---|

४९. **प्रशासकीय भवन** - कार्यालयले पालिकाको प्रशासकीय भवनको मूल्यअभिबृद्दी कर बाहेक रु ८,६८,८६,७९४ को लागत अनुमान तयार गरी प्राविधिक मूल्याङ्कनमा पास सबैभन्दा कम कबोल गर्ने निर्माण ब्याबसायी धुलिखेल-एल.बि एण्ड एबि जे.भि संग मिति २०८१-९-७ मा सम्पन्न गर्ने गरी मूल्यअभिबृद्दी कर बाहेक रु. ५,७२,२६,१६० को सम्झौता गरी कार्य प्रारम्भ गरेकोमा निर्माण कार्य सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार छनः

४९.१ **मोबिलाईजेशन पेश्की** - सार्वजनिक खरिद ऐन २०५२ को दफा ५२ क (१) मा पेश्की दिदा सम्झौता रकमको २० प्रतिशतमा नबढ्ने गरी र उपदफा २ मा त्यस्तो पेश्की रकम पहिलो पटक आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतीको आधारमा दिन सकिने व्यवस्था छ । तर पालिकाले उक्त प्रावधान अनुरुप कार्य प्रगती एकिन नगरी फर्मलाई मिति २०७९-२-१० मा कार्य गर्ने सम्झौता गरेकोमा चालु आ.ब मा मात्र एकै चोटी प्रथम तथा दोस्रो किस्ता पेश्की रु. १,१४,००,००० उपलब्ध गराएको छ ।यसरी पेश्की दिनु उचित देखिएन । निर्माण कार्यको कार्यतालिका अनुसार कार्य गराउन तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४९.२ **न्युन प्रगती -** भवन निर्माणको कार्यको कार्यालयले प्रथम रनिङ्ग बिल भौ.नं.६१-०८०-३-२४ बाट रु. ५९,८५,१५१ (सम्झौता को ९.१४%) को मात्र कार्य गरेको अबस्थाले प्रशासनिक भवनको निर्माण कार्य समायमा समेत सम्पन्न हुन सक्ने अबस्था देखिएन ।समयमै कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४९.३ **योगदान -** समपूरक अनुदान सम्बन्धि (दोस्रो संसोधन) कार्यविधि, २०७६ दफा ६ अनुसार ५०% साझेदारीमा प्रशासनिक भवन निर्माणको कार्य हुने ब्याबस्था छ । कार्यालयले उल्लेखित ब्याबस्था अनुसार प्रथम रनिङ्ग बिल तथा पेश्की समेत फर्मलाई रु.१,७३,८५,१५१ को भुक्तानी गर्दा ५०% ले हुने रु. ८६,९२,५७५ संघिय समपुरक बाट भुक्तानी गरी बाकी रकम पालिका बाट भुक्तानी गर्नुपर्नेमा रु.१,४६,८५,१५१ भुक्तानी भएकोले कार्यबिधि भन्दा बढि रु. ५९,९२,५७६ समपुरक अनुदानबाट खर्च लेखेको पाइयो । संघिय संचित कोषमा थप ब्ययभार परेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,९२,५७६ |

## ५०. **शंकरपुर बृहत खानेपानी योजना -**

५०.१ खरिद भएका निर्माण सामाग्री प्रयोग हुनुपर्दछ । कार्यालयले शंकरपुर बृहत खानेपानी योजना अन्तर्गत ठेक्का गरी बचत भएको रकम बाट निम्न अनुसार निर्माण सामाग्री खरिद गरी रु. ७१,९४,१३६ भुक्तानी गरेकोमा उक्त सामान प्रयोग भएको प्रमाण खर्च साथ संलग्न छैन । सम्बन्धित खानेपानी आयोजनामा सामान प्रयोग भएको प्राविधिक विल पेश गरी खर्च प्रभाबकारी भएको सुनिश्चितता गर्नुपर्दछ ।

| भौ.नं/मिति | फर्म को नाम। आयोजनाको नाम | विवरण | रकम |
|---|---|---|---|
| ६२-०८०-३-२४ संघिय सरकार पुँजिगत | न्वालापानी ट्रेडर्स एण्ड सप्लायर्स | पम्प तथा मोटर | ९,९५,९६५ |
| ५०-०८०-३-२४ संघिय सरकार पुँजिगत | मोमेन्टम फर कन्स्ट्रक्सन(ठेक्का नम्बर ०९-०७८-०८०) | पाईप तथा फिटिङ्ग सामान | ६१,९८,१७१ |
| जम्मा | | | ७१,९४,१३६ |

५०.२ कार्यालयले गोश्वारा भौचर नं १६-०७९-१२-३०(संघिय सरकार हस्तान्तरित पुँजिगत) मा शंकरपुर बृहत खानेपानी योजना को निर्माण कार्यको बि.ओ.क्यू मा खानेपानी उपभोक्तालाई तालिम दिने कार्यको लागी प्रोभिजनल सम बापत रु. २,०५,००० रहेकोमा सो मा मूल्यअभिबृद्दी कर रु. २६,६५० समेत थप गरी

रु. २,३१,६५० को कार्य गरेको बिल संलग्न नगरी मोमेन्टम फर कन्स्ट्रक्सन लाई भुक्तानी गरेको छ । प्रोभिजनल सम को रकम बिल संलग्न नगरी खर्च गरेको रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३१,६५० |

५१. **विजकको ढाँचा** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अथवा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । निम्न बमोजिमका फर्महरुलाई निम्न बमोजिमको कामको भुक्तानी गर्दा कैफियत रहेको विजकको भुक्तानी भएकोले मूल्य अभिवृद्धि कर रु. ५,१६,६५९ सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको र कारोवार अंक समेत खुल्ने गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| **भौ.नं./मिति** | **फर्मको नाम** | **विवरण** | **मू.अ.कर रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ९-०७९-६-२८ | सार्थक निर्माण सेवा | सडक सरसफाई | ११४६६० | विजक नम्वर नभएको मिति ०७९-६-२५ को बिल जारी भएको |
| ८२-०७९-१२१३ | सार्थक निर्माण सेवा | वडा कार्यालय फिल्ड निर्माण | १०९२०० | विजक नम्वर नभएको मिति ०७९-११-२५ को बिल जारी भएको |
| ३-०७९-३-१८ | सार्थक निर्माण सेवा | एरिछना डाडाकोट सडक कटिङ्ग | ११४०७७ | विजक नम्वर नभएको मिति ०७९-०७-१८ को बिल जारी भएको |
| ५-०७९-७-१८ | सार्थक निर्माण सेवा | धामिगडा-सेलिचमा शंकरपुर सडक कटिङ्ग तथा सफाई | ११४०७७ | विजक नम्वर नभएको मिति ०७९-०३-२० को बिल जारी भएको |
| ८-०७९-९-१७ | एम.के कन्स्ट्रक्सन | मालिकार्जुन भगवती सडकमा ग्याबियन भर्ने कार्य | ६४६४५ | बिजन नम्बर ०७-०७९-९-८ हस्तलिखित भएको |
| | **जम्मा** | | **५१६६५९** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१६,६५९ |

५२. **बीमा गराउनुपर्ने** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायी तथा उपभोक्ताले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने कतिपए सम्झौतामा बिमाको व्यवस्था भएकोमा निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश गरेको देखिएन। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।

५३. **बढी व्ययभार** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम बजेट खर्च गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नं २-०७०-१०-२६ (प्रदेश सरकार पु.) मा मालिकार्जुन न्वालपानी सडक निर्माण कार्य को कटिङ्ग कार्य गर्नका लागि लागत अनुमान रु. २२० प्रती घनमिटर तयार गरी सबैभन्दा कम कबोल रु. १२० प्रति घनमिटर कबोल गर्ने शिखर लटिनाथ निर्माण सेवा लाई सम्झौताबमोजिम कार्य गराई रु ९,९६,९६० भुक्तानी गरी ठेक्कामा बचत बाँकी रकमबाट पुन सोही सडक निर्माण कार्यको लागत अनुमान तयार गरी गोश्वारा भौचर नं ६-०८०-१-१३ बाट प्रति घनमिटर रु. १८५.८ का दरले खुद ४,७५३.२० घनमिटर कार्य गराई रु ९,९६,९५३ र गोश्वारा भौचर नं ९-०८०-२-०७ बाट प्रति घनमिटर रु. २२० का दरले खुद १,५९०.१६ घनमिटर कार्य गराई रु ३,९५,३१३ खर्च गरेको छ । ठेक्काबाट कम दररेटमा काम भइरहेको अवस्थामा सोही स्थानमा समान कार्य गर्न दिंदा भेरिएसन आदेश तथा रेट नेगोसेसन गरी थप कार्य गराउन सक्ने भएतापनि सो नगरी पुनः लागत अनुमान तयार गरी एकै समयमा कायदिश दिई सोझै कोटेशनको आधारमा निर्माण ब्याबसायी बाट सोही कार्य गराउँदा क्रमशः प्रति घन मिटर मू.अ.कर समेत रु. ७४.३५ र रु.११३ को दरले क्रमश रु. ३,५३,४०० र रु.१,७९,६८८ समेत रु ५,३३,०८८ थप व्ययभार परेको छ । थप व्ययभार पर्नेगरी लागत अनुमान तयार गरी कार्य गराएको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,३३,०८८ |

५४. **न्यूनतम दररेट** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले कैलालीको जिल्ला दररेटलाई आधार लिने निर्णय बमोजिम निर्माण सामाग्रीमा ढुवानी रकम समाबेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ । अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री जिल्ला स्थीत आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ । अतः स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुपर्नेमा कैलाली लाई आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ । स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

५५. **निर्माण कार्यको गुणस्तर** - सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ। कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन। अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ।

५६. **नर्म्समा भिन्नता** - पालिकाले निर्माण कार्यमा परिमाण बिष्लेषणको लागि प्रयोग गरिएको नर्म्स कुन निकायको र कहिलेको हो भन्ने व्यहोरा लेखापरीक्षणको लागि पेश हुन सकेन । निर्माण आयोजना अन्तर्गत हुने कार्य आइटममा सम्बन्धित कार्य क्षेत्र अनुसारको नर्म्सको प्रयोग हुनुपर्दछ ।

५७. **अग्रिम कर -** आयकर ऐन २०५८ को दफा ८७ (घ) बमोजिम रु ५० लाख भन्दा बढीको उपभोक्ता समिति मार्फत कार्य गराउदा भुक्तानी रकमको १.५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर ३-०८०-३-५(संघिय पुँजिगत) मा श्री मालिकार्जुन मा.बि मड को ४ कोठे भवन निर्माण कार्य गरी ५५,००,००० भुक्तानी गर्दा उल्लेखित नियम अनुसार अग्रिम कर १.५ प्रतिशतले रु. ८२,५०० कट्टा गर्नुपर्नेमा सो गरेको नदेखिएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,५०० |

५८. **लागत अनुमान तयार नगरी खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । साथै नियम ११५ बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधक स्पेशिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको निरिक्षण वा परिक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार फर्मले आपूर्ती गरेका सामान स्पेसिफिकेसन अनुसार भए नभएको प्राविधिक नाप जाँच गरेको छैन । कार्यालयले लागत अनुमान तयार नगरी ३ वटा फर्मबाट खुल्ला दरभाउपत्र लिई सोझै खरिद गरेको छ । लागत अनुमान तयार नगरी खरिद गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई खरिद कार्य गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका केहि उदाहरण देहायबमोजिम रहेका छन्

| भौ.नं./मिति | फर्मको नाम | मालसामानको नाम | रकम |
|---|---|---|---|
| १८-०८०-१-१३ | ग्राभिटी हेल्थकेयर प्रा.ली | ICE-Lined Refrigerator मेशिन | ३८५००० |
| ५७-०७९-१२-०६ | आलोक मल्टी कन्सर्न प्रा.ली | सोफा,दराज,टेबुल,बेड | ७७८८५३ |
| १८८-०८०-२-०७ | अपि सैपाल टेक्नो ट्रेड प्रा.ली | कङ्क्रिट टेष्ट हम्बर | १२७६९० |
| २३३-०८०-३-१९ | अल पावर सोलुसन प्रा.ली | १० के.भि.ए UPS | ९९४०० |
| २५०-०८०-३-२४ | अल पावर सोलुसन प्रा.ली | १० के.भि.ए UPS जडान | ३१६४० |
| २४६-०८०-३-२३ | एसियन हिमालया डिटेक्सन टेक्नोलोजी प्रा.ली | इन्जिनियरिङ्ग इक्युपमेन्ट | ९९९८८० |
| २४४-०८०-३-२२ | शुभलक्ष्मी मल्टीट ट्रेड एण्ड सप्लायर्स | झोला,रेनकोट | ९२०९५ |
| ३६-०७९-१२-१८ | न्यु डेसिला सप्लायर्स | सिसि टिभि | ४३६५१९ |
| | जम्मा | | ३८४६०७७ |

५९. **ओभरहेड** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने र उल्लेखित लागत अनुमानमा ओभरहेड राख्न मिल्ने अबस्था देखिदैन । कार्यालयले Fabrication of steel parts and steel deck, Fabrication of Reinforcement steel मा सामान खरिद कार्यको लागत अनुमान तयार गर्दा रु.३,७८,२६० ओभरहेड राखी बोलपत्र भएको छ । ओभरहेड राखि सोही अनुसार खरिद कार्य हुदा थप ब्ययभर पर्न गएको रु.

| भौ नं मिति | फर्मको नाम | कामको विवरण | कबोल अंक | ओभरहेह रकम(मू.अ.कर समेत) |
|---|---|---|---|---|
| १४-०७९-१२-१३ | एस.के.टन्जिनियरिङ्ग एण्ड्रष्टिज | मल्टी स्यान ट्रस ब्रिजको स्टिल फ्रेब्रिकेशन पार्टस | २९००००० | ३७८२६०। |

| | |
|---|---|
| अनियमित भएको | ३,७८,२६० |

## ६०. **शंकरपुर क्याम्पस भवन** -

६०.१ **व्ययभार** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम बजेट खर्च गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नं ४६-०८०-३-२३(संघिय सरकार हस्तान्तरित पुँजिगत) मा शंकरपुर क्याम्पसभवन निर्माण योजना को निर्माण कार्य गर्नका लागि लागत अनुमान रु. ७२,२६,४८४.३२ तयार गरी सबैभन्दा कम कबोल (लागत अनुमानको तुलनामा ४०.०५% घटि) रु. ४३,३१,५९१ कबोल गर्ने जगन्नाथ आर.बि. कन्स्ट्रक्सन प्रा.ली लाई सम्झौता बमोजिम कार्य गराई रु ४०,२५,३६८ भुक्तानी गरी ठेक्कामा बचत बाँकी रकमबाट पुन सोही भवन को बाकी निर्माण कार्यको लागत अनुमान तयार गरी गोश्वारा भौचर नं ४८-०८०-३-२४ बाट रु ९,९६,२७१ र भौचर नं ४९-०८०-३-२४ बाट रु ९,९६,९०३ समेत रु. १९,९३,१७४ खर्च गरेको छ । ठेक्काबाट कम दररेटमा काम भइरहेको अवस्थामा सोही स्थानमा समान कार्य गर्न दिँदा भेरिएसन गरी थप कार्य गराउनुपर्नेमा पुनः लागत अनुमान तयार गरी कोटेशनको माध्यमबाट सोझै निर्माण ब्याबसायी बाट सोही कार्य गराउँदा कार्यालयलाई रु ७,९८,२६६ थप व्ययभार परेको छ । थप व्ययभार पर्नेगरी लागत अनुमान तयार गरी कार्य गराएको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,९८,२६६ |

६०.२ **प्रोभिजनल सम** - कार्यालयले गोश्वारा भौचर नं ४६-०८०-३-२३ (संघिय सरकार हस्तान्तरित पुँजिगत) मा शंकरपुर क्याम्पस भवन निर्माण योजना को निर्माण कार्यको ल्याब टेष्ट बापत रु. १,५०,००० जगन्नाथ आर.बि कन्स्ट्रक्सन प्रा.लीलाई भुक्तानी गरेकोमा उल्लेखित ब्याबस्था अनुसार बिल संलग्न नगरी खर्च गरेको रकम सम्बन्धित बाट असुल गर्ने पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०,००० |

६०.३ **बिल भर्पाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम बिलभरपाई संलग्न गरी खर्च लेख्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपनर्ने व्यवस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर ५७-०८०-३-२४ (संघिय सरकार हस्तान्तरित पुँजिगत) मा ठगुन्ना जनरल स्टोर बाट सिमेन्ट,बम्बो लगायत निर्माण सामाग्री खरिद गरी सशष्त्र प्रहरी बल, नेपाल ४४ नम्बर गण लाई उपलब्ध गराई रु. २,००,००० खर्च गरेको छ । कार्यक्रममा बजेट ब्यबस्था नरहेको कार्य शंकरपुर क्याम्पस भवन निर्माण कार्यको रकम बाट खर्च गर्नुका साथै निर्माण सामाग्री प्रयोग भएको प्राबिधिक बिल समेत पेश नगरी भुक्तानी गरेको रकम नियम संगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

६१. **खेलकुद कार्यक्रम** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(6) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्था, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक

निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने, बुँदा नं. १०(2) मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानूनबमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको, कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको कामको गुणस्तर र परिमाणसमेत सन्तोषजनक भएको, कुनै काम अनावश्यक रूपमा दोहोरो हुनेगरी नगरिएको, स्वीकृत लागत र खर्चको सीमाभित्र रही कार्यक्रम सञ्चालन गरिएको जस्ता विषय सुनिश्चित भएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लिखित व्यवस्था अनुसार मितव्ययिता नीति अवलम्बन तथा मापढण्ड तयार नगरी राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितामा कर्मचारिलाई लागत अनुमान तयार समेत नगरी एकमुष्ट राम सिंह खत्री र नागेन्द्र सिंह धामी लाई पेश्की समेत पालिकास्तरीको लागि गोश्वारा भौचर नम्बर ६०-०८०-३-२१,४७४ (गा.पा चालू), २४३ (संघिय चालु) बाट रु.८,५०,००० तथा जिल्ला स्तरको लागि गोश्वारा भौचर नम्बर३५-०७९-१२-०५ बाट रु. १२,९४,७७० समेत रु. २१,४४,७७० खर्च गरेको छ । पालिका तथा जिल्ला स्तरिय खेलकुद कार्यक्रम वार्षिक रुपमा सन्चालन हुने भएकोले कार्यालयले खर्च को मापदण्ड तयार गरी खर्च गर्नुपर्दछ । रु १ लाख भन्दा बढीको होटल सेवा खरिद गर्दा निश्चित मापदण्डको आधारमा लागत अनुमान तयार गरी र न्यूनतम दर माग गरी प्रतिस्पर्धात्मक रुपमा सेवा खरिद गर्नुपर्नेमा नगरेको रु २० हजार भन्दा बढीको खरिद मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद गर्नुपर्नेमा सहभागिलाई खाजा, खाना, होटल बास, यातायात खर्च लगायतमा अधिकांश पान बिल संलग्न गरी खर्च गरेको रकम सम्बन्धमा बास्तबिकता एकिन गरी खर्च रकम मितब्ययी तथा प्रभाबकारी भएको सुनिश्चितता गर्नुपर्दछ ।

६२. **सामाग्री मौज्दात** - पालिकाले उपाध्यक्षसँग बालबालिका सुरक्षा कार्यक्रम अन्तर्गत ए टि एम इम्पोर्टर्स धनगढी बाट भौचर नं ३२३ मिति ०८०।१।२८ मा रु १७,९८,४५० को एल इ डि राइटिङ्ग ट्याब, ब्याग, पेन्सील, कटर, इरेजर लगायतका ९ प्रकारका समानहरु खरिद गरेकोमा प्राप्त विवरण अनुसार उक्त ट्याब ६३ थान लगायत ६ प्रकारका समान मूल्य रु ३,२१,९८७ को हालसम्म पनि मौज्दात देखिएकोले सो को बितरण भर्पाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२१,९८७ |

६३. **सामाजिक परीक्षण प्रतिवेदन** - पालिकाले भौचर नं ५०३ मिति ०८०।३।२२ बाट प्रत्येक वडामा ३ वटा सार्वजनिक सुनुवाई र पालिकास्तरमा ३ वटा गरी कुल २७ वटा सार्वजनिक सुनुवाई र एक सामाजिक परीक्षण प्रतिवेदन तयारीको लागि भनी दार्चुला विकास संगठनलाई रु ८,००,००० भुक्तानी गरेकोमा सामाजिक परीक्षण गरी सो को प्रतिवेदन पेश भएको नदेखिएकोले सो बापत भुक्तानी भएको रु ९५००० सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,००० |

६४. **बितरणमुखी कार्यक्रम** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले उल्लिखित व्यवस्था अनुरुप योजना तयार नगरी निम्नानुसार अनुउत्पादक तथा बितरणमुखी कार्यक्रममा समेत खर्च गर्ने गरेको देखियो । साथै समानहरु खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुरुप लागत अनुमान समेत तयार नगरी खरिद गरेको देखिन्छ । साथै यसरी पट्के निर्णयको आधारमा र खास प्रतिफल प्राप्त नहुने कार्यक्रममा खर्च गर्ने र खरिद गर्दा सार्वजनिक खरिद नियमावलीले तोकेको प्रक्रिया समेत पुरा नगर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

| **भौ नं** | **कामको विवरण** | **रकम** |
|---|---|---|
| विभिन्न | जोलजिवि सांस्कृतिक महोत्सव | ८४४४१५ |
| २६८ | ४ वटा खच्चर खरिद | ३३०००० |
| ३५९ | कुखुरा खरिद गर्न नगद २३ जनालाई | ६९००० |
| विभिन्न | विभिन्न मेला तथा जात्रा व्यवस्थापन | ६४२२५० |

६५. **स्वास्थ्य शिविर** - पालिकाले भौचर नं ८३, ०७९।८।९ मा विशेषज्ञ चिकित्सा सहितको स्वास्थ्य शिविर सञ्चालनको लागि उपेन्द्र सिंह धामीलाई रु ९,९७,४४४ भुक्तानी गरेकोमा देखिएका व्यहोराहरु निम्न छन :

६५.१ पालिकाले तयार गरेको कार्य सञ्चालन निर्देशिका २०७९ मा एक कार्यक्रमको लागि बढीमा ३००० सम्म प्रतिवेदन खर्चको रुपमा दिने सकिने व्यवस्था भएकोमा प्रतिवेदन पारिश्रमिकमा १५००० खर्च गरेको पाइयो । कर घटाउँदा बढी भुक्तानी रु १०,२०० सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

६५.२ शिविर सञ्चालन प्रयोजनको लागि रु ३,३४,१३३ को औषधी खरिद गरेकोमा औषधीको प्राप्ती, उपयोग तथा बाँकीको परिमाणात्मक तथ्याङ्क खुल्ने गरी अभिलेख राखेको पाइएन । परिमाणात्मक विवरण खुल्ने अभिलेख नहुँदा प्राप्ती, वितरण र बाँकी स्थिती एकिन गर्न सकिएन ।

शिविर सञ्चालनको लागि चाहिने सामाग्रीहरु पालिका आफैले प्रतिस्पर्धात्मक रुपमा खरिद नगरी एक व्यक्तिलाई सम्झौता गरी दिएको र सोही आधारमा खरिद भएको देखिन्छ । रु १ लाख भन्दा बढीको खरिदमा लागत अनुमान नबनाई र प्रतिस्पर्धात्मक रुपमा खरिद नगरी व्यक्तिमार्फत खरिद गर्नु उचित देखिएन । उल्लिखित कमजोरीहरुमा सुधार हुनुपर्दछ ।

६६. **किसान सूचीकरण कार्यक्रम** - गो. भौ. नं २६० मिति २०८०।३।२२ बाट किसान सूचीकरण कार्यक्रम अन्तर्गत किसान को तथ्याङ्क संकलन गरि अनलाइनमा इन्ट्री गर्न श्री करण सिंह धामीलाई चालु आ व मा ५७८ जनाको अनलाइन इन्ट्री गरिएको जनाइ प्रति व्यक्ति अनलाइन इन्ट्री वापत रु ७२,२५० भुक्तानी दिएको छ । किसान सूचीकरण व्यवस्थापन प्रणालीको अनलाइन पोर्टलमा लगइन गरी हेर्दा निजको आइडीबाट यस वर्ष जम्मा ४९९ जनाको मात्र पूर्ण विवरण इन्ट्री गरेको पाइयो ।यसरी पूर्ण विवरण इन्ट्री नगरी भुक्तानी लिएको ७९ जनाको रु १२५ का दरले हुने रकम असूल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,८७५ |

६७. **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली ,२०७७ को नियम ३९ उपनियम (५) मा खर्च गर्दा खर्चको पुष्ट्याई हुने विल भरपाई र प्रमाण कागजात संलग्न गर्नुपर्ने र उपनियम (१०) मा जिम्मेवार व्यक्तिले खर्चको रीत पगे नपुगेको र प्रमाण कागजात संलग्न रहे नरहेको हेरेर मात्र भुक्तानी दिनुपर्ने प्रावधानहरु रहेका छन् । पालिकाले देहायका गोश्वरा भौचरहरुबाट भुक्तानी दिदा निम्नानुसारका गोश्वरा भौचरहरु मा संलग्न प्रमाण कागजातहरु भन्दा बढी भुक्तानी दिएको देखियो । यस प्रकार संलग्न कागजात भन्दा बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु

| गो.भौ.नं/मिति | विवरण | रकम |
|---|---|---|
| १८१-०८०/२/२३ | बाख्रा पकेट समन्वय समितलाई प्राप्त विल भरपाई अनुसार ६२०००० भुक्तानी दिनु पर्नेमा रु ६४५००० भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको रु | २४९२० |
| १७३-०८०/२/३ | मौरी समन्वय समितिलाई प्राप्त विल भरपाई भन्दा बढी भुक्तानी हुन गएको रु | १५००० |
| **जम्मा** | | **३९९२०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,९२० |

६८. **सुन्तलाको विरुवा खरिद र वितरण** - गो.भौ.नं १८१-२०८०/२/२३ मा रानीपातल सुन्तला पकेट समन्वय समितिलाई २००० सुन्तलाको विरुवा खरिद वापत प्रति विरुवा १५० का दरले खरिद गरी जम्मा रु ३००००० मा ५० प्रतिशत कट्टी गरी भुक्तानी दिएको छ । स्थानीयस्तरमा उपलब्ध नहुने सामानको हकमा कैलाली जिल्लाको दर रेटलाई आधार लिनु पर्ने जिल्ला दररेट निर्धारण समितिले निर्णय गरे अनुसार कैलाली जिल्लामा सुन्तलाको विरुवाको प्रति वोट रु ६० कायम गरिएको छ । प्रति बोट रु ६० का दरले २००० विरुवा को रु १२०००० मा ५० प्रतिशत कट्टी गरि बाँकी भुक्तानी दिनु पर्नेमा १५० का दरले भुक्तानी दिदा बढी व्ययभार पर्न गएको छ । पालिकाले कलमी विरुवा भएकोले बढी पर्न गएको जनाएता पनि सो पुष्ट्याई गर्ने कागजात संलग्न छैन। ।जिल्ला दररेट तोकिएको अवस्थामा सो लाई आधार मानेर लागत अनुमान बनाई अख्तियारवालाबाट स्वीकृत गरी सोही अनुसार खरिद गरिनु पर्दछ ।त्यसैगरी विरुवा लगाउदा एक बोटले कति क्षेत्रफल ओगट्ने हो, सो अनुसार विरुवा प्राप्त गर्ने व्यक्तिसँग

जागा छ, छैन वा लिजमा लिनु पर्ने हो सोको निक्यौंल गरेर प्राप्त कागजात अनुसार मात्र विरुवा वितरण गर्नु पर्दछ । रानीपातल सुन्तला पकेट क्षेत्र अन्तर्गत सुन्दर सिंह धामीलाई ३०० वटा विरुवा दिइएकोमा निजसँग सो खुल्ने कागजात माग गरेको पाइएन । विरुवा लगाउने पर्याप्त जमीनको व्यवस्था गरीएको छ/छैन नहेरी विरुवा वितरण गर्दा दुरुपयोग हुने वा अपेक्षित प्रतिफल प्राप्त नहुने सम्भावना रहने हुदा यस तर्फ पनि पालिकाले ध्यान दिइनु पर्दछ ।

६९. **कुखुरा बितरण** - पालिकाले चालु आ.व.मा गर्भवती महिलालाई वितरण गर्न ८०० वटा ८ हप्ते कुखुराका चल्ला आर.के.मल्टिप्रोज एग्रो फर्म बाट प्रति चल्ला रु ४०० का दरले रु ३,२०,००० मा खरिद गरी वितरण गरेको जनाई खर्च लेखेको मा जसमा जम्मा १७० वटा वितरण गरेको भरपाई मात्र संलग्न देखिन्छ । जिम्मेवार व्यक्ति रविन्द्र सिंह धामीले प्रति व्यक्ति ५ वटा कुखुरा का दरले १७० जनालाई वितरण गरेको जनाएता पनि सो संलग्न कुनै पनि कागजातबाट नखुल्ने हुँदा निजहरुलाई प्रति व्यक्ति ५ वटा नै वितरण गरिएको हो होइन यकिन गर्न सकिएन । त्यसैगरी आ.व.२०७९/८० बहुक्षेत्रीय पोषण कार्यक्रम बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरुको बुँदा नं ४(६) मा स्थानीय जातको २ पोथी र १ भाले पालनको लागि कुखुरा वितरण गर्न सक्ने व्यवस्था भएको मा पालिकाले प्रति गर्भवती ५वटाका दरले वितरण गरेको जनाएको छ । बहुक्षेत्रीय पोषण कार्यक्रम बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरुको पालना गर्दै कार्यक्रम क्रियाकलाप संचालन गरिनुपर्छ ।तोकिएको ढाँचामा स्पष्ट खुल्ने गरी बुझिलिएको भरपाई पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५२,००० |

७०. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । प्राप्त विवरण अनुसार यस कार्यक्रम अन्तर्गत ८ वटा वडामा १७ गोटा योजना सञ्चालन गरी यस वर्ष १८२ जनालाई औसत ८५ दिनले १५,५८४ दिन रोजगारी उपलव्ध गराई रु. ८९,९१,९६८ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७१. **प्रतिवेदकको पारिश्रमिक** - नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ (१५) मा प्रतिवेदकलाई पारिश्रमिक वापत कुनै १ दिने सम्मेलन, गोष्ठी, कार्यशाला लगायतका कार्यक्रममा रु १००० र १ दिन भन्दा बढीको कार्यक्रम भए अतिरिक्त थप रु ५०० गरि समग्रमा प्रति कार्यक्र रु ३००० भन्दा बढी नहुने गरी दिनु पर्ने व्यवस्था छ । त्यस्तै मालिकार्जुन गाउँपालकाको कार्यसञ्चालन निर्देशिका, २०७९ मा पनि प्रतिवेदकको पारिश्रमिक प्रति कार्यक्रम ३००० मा नबढ्ने गरी

प्रति दिन १००० का दरले उपलब्ध गराउने उल्लेख छ । पालिकाले निम्न कार्यक्रम मा उपयुक्त व्यवस्था भन्दा बढी भुक्तानी दिएको ले सो असूल गर्नु पर्ने देखिएको रु

| गो.भौ.स/मिति | कार्यक्रम | प्रतिवेदक | भूक्तानी रु | भूक्तानी हुनु पर्ने रु | बढी रकम रु |
|---|---|---|---|---|---|
| ११४-०७९/१२/८ | साबुन बनाउने सीप विकास सम्बन्धी ७ दिने तालिम | जगदिश चन्द्र अवस्थी | ५००० | ३००० | २००० |
| १२२-०७९/१२/२९ | बेमौसमी तरकारी खेति सम्बन्धी ७ दिने तालिम | जगदिश चन्द्र अवस्थी | ५००० | ३००० | २००० |
| **जम्मा** | | | | | ४००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००० |

## ७२ प्रशिक्षकको पारिश्रमिक

७२.१ १) नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ (१५) ३ मा सीप विकास तालिम सम्बन्धमा ७ कार्यदिन सम्मको तालिम कक्षागत रुपमा र सो भन्दा बढीको तालिम आवधिक रुपमा स्रोत व्यक्तिको व्यवस्था गर्नु पर्ने व्यवस्था छ । उक्त कक्षागत व्यवस्थामा गाउँपालिका स्तरमा प्रतिकक्षा कार्यपत्र वापत रु ३५० र कक्षा संचालन वापत रु ७०० गरि जम्मा रु १०५० दिन साकिने व्यवस्था छ । तर पालिकाले जारी गरेको कार्यसञ्चालन निर्देशका, २०७९ मा प्रति सेसन रु २००० तोकिएको अवस्था छ ।पालिकाको आन्तरिक आम्दानी न्यून (पालिकाको कुल खर्चको ०.४९ प्रतिशत मात्र) रहेको अवस्थामा पालिकाले देहाय बमोजिम संघीय सशर्त अन्तर्गतका तालिम कार्यक्रममा संघीय निर्देशिकामा तोकिए भन्दा बढी दर कायम गरी भुक्तानी दिदा पालिकालाई थप व्ययभार परेको देखियो । यसरी संघीय कानूनसँग सामञ्जय नहुने गरी र थप ब्ययभार हुने गरी मापदण्ड बनाई खर्च लेख्नु उचित नदेखिएको रु

| कार्यक्रम | प्रशिक्षक | पालिकाको निर्देशिका अनुसार भुक्तानी रु | संघीय निर्देशिका अनुसार भूक्तानी हुनु पर्ने रु | बढी व्ययभार रु |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| साबुन बनाउने सीप विकास सम्बन्धी ७ दिने तालिम, वडा नं १ | राजेश पन्त र मोहन सिंह धामी | ५०००० | २८००० | २२००० |
| बेमौसमी तरकारी खेती सम्बन्धी ७ दिने तालिम, वडा नं ४ | नगेन्द्र पन्त र भोजराज भट्ट | ४९००० | २८००० | २१००० |
| बेमौसमी तरकारी खेती सम्बन्धी ७ दिने तालिम, वडा नं २ | नगेन्द्र पन्त | २४५०० | २८००० | ० |
| मौरी पालन सम्बन्धी ७ दिने तालिम, वडा नं २ | मने गिरी लगायत | ३५००० | २८००० | ७००० |
| मौरी पालन सम्बन्धी ७ दिने तालिम, वडा नं ३ | मने गिरी लगायत | २८००० | २८००० | ० |
| १५ दिने होजियारी पुनतार्जगी सिप विकास तालिम,वडा नं ५ (७ दिनु भन्दा बढीको तालिम आवधिक रुपमा स्रोत व्यक्तिको गर्नु पर्ने व्यवस्था अनुसार) | तुलसी जोशी र ललिता बम | ७५००० | ४२००० | ३३००० |
| **जम्मा** | | | | **८३०००** |

| | |
|---|---|
| अनियमित भएको | ८३,००० |

७२.२ नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ (१५) ४ मा तालिक केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक गाउँपालकास्तरमा अधिकृतस्तरको लागी कार्यपत्र वापत रु १००० र कक्षा संचालन वापत रु ४०० गरि जम्मा रु १४०० दिन सकिने व्यवस्था छ । तर पालिकाले जारी गरेको कार्यसञ्चालन निर्देशका, २०७९ मा प्रति सेसन रु २००० तोकिएको अवस्था छ ।पालिकाको आन्तरिक आम्दानी न्यून (पालिकाको कुल खर्चको ०.४९ प्रतिशत मात्र) रहेको अवस्थामा पालिकाले देहाय बमोजिम संघीय सशर्त अन्तर्गतका तालिम कार्यक्रममा संघीय निर्देशिकामा तोकिए भन्दा बढी दर कायम गरी भुक्तानी दिदा पालिकालाई थप व्ययभार परेको देखियो । यसरी संघीय कानूनसँग सामञ्जय नहुने गरी र थप व्ययभार हुने गरी मापदण्ड बनाई खर्च लेख्नु उचित नदेखिएको रु

| सि.नं | कार्यक्रम | प्रशिक्षक | पालिकाको निर्देशिका अनुसार भुक्तानी रु | संघीय निर्देशिका अनुसार भूक्तानी हुनु पर्ने रु | बढी व्ययभार रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम सम्बन्धी २ दिने तालिम (०७९।१२।२२ देखि २३ गते सम्म) | भानुभक्त जोशी र लोकेन्द्र सिंह धामी | १६००० | ११५०० | ४८०० | |
| २ | पोषण सम्बन्धी कार्यक्रम (२३८९-०८०/३/२०) | मिन राज ओझा र चक्रदेव जोशी | ६८०० | ५६०० | १२०० | |
| ३ | ५ दिनेआयुर्वेद तथा योग शिक्षा तालिम (५ दिन ११ वटा विद्यालयमा विहान ५ देखि ८ बजे सम्म) | आन्तरिक प्रशीक्षक | १६५००० | ११०००० | ५५००० | १:३० घण्टा का दरले प्रति दिन २ सेसनलाई आधार मानीएको |
| | **जम्मा** | | | | ६१००० | |

| | |
|---|---|
| अनियमित भएको | ६१,००० |

७३. **निर्देशिका विपरित पारीश्रमिक -** कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को परिच्छेद २ को दफा ३ मा स्थानिय तहले सुचिकृत बेरोजगार व्यक्तिलाई रोजगारमा सँलग्न गराउन पुर्वाधार निमार्णका कार्य ( Cash For Construction Work) र मर्मत सम्भार ( Cash For Maintanance Work) प्रकृतिका रोजगार आयोजना सञ्चालन गर्न सक्ने उल्लेख छ । पालिकाले गाँउपालिकाका सबै वडामा घरधुरी र विधालय सम्बन्धी वास प्लान स्तरिय तथ्याँक सँकलन कार्यको लागि ९ जना श्रमिकहरुलाई प्राविधिक गणक र सामाजिक गणकमा नियुक्ति गरि मिति २०८०।१२।२ मा आयोजना कार्य सम्झौता गरेको पाइयो । निमार्ण र मर्मतको कार्यमा स्थानिय

बेरोजगार श्रमिकलाई प्राथमिकिकरण गरि आयोजना सञ्चालन गर्नुपर्नेमा कार्यविधि विपरित पूर्वाधार र मर्मत सम्भार प्रकृतिको कार्य बाहेकमा बेरोजगार छनौट गरि श्रमिकको नाममा न्युनतम ८० देखि अधिकतम ९० दिनसम्म जम्मा ७६५ दिन दैनिक रु ५७७ को दरले रु ४,४१,४०५ पारीश्रमिक वापत तथ्याँक कार्यमा खर्च गरेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,४१,४०५ |

७४. **सहभागी भत्ता** - नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ मा प्रशिक्षार्थी छनौट गरी वा नगरी संचालन गरिएको जुनसुकै प्रकारको तालिम,गोष्ठीको सहभागीलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना गर्नु पर्ने तर तालिम,गोष्ठी,कार्यशालाको सहभागीलाई भत्ता दिने गरी कार्यक्रममै सहभागीहरुलाई सहभागी भत्ता दिने गरी स्वीकृत भएको भए मात्र तोकिएको दर भन्दा बढी नहुने गरी प्रति सहभागी रु ७०० भत्ता दिन सकिने व्यवस्था छ । तर पालिकाले जारी गरेको कार्यसञ्चालन निर्देशका,२०७९ मा सहभागी भत्ता प्रति दिन रु १००० तोकिएको अवस्था छ ।पालिकाको आन्तरिक आम्दानी न्यून (पालिकाको कुल खर्चको ०.४९ प्रतिशत मात्र) रहेको अवस्थामा पालिकाले देहाय बमोजिम संघीय सशर्त अन्तर्गतका तालिम कार्यक्रममा संघीय निर्देशिकामा तोकिए भन्दा बढी दर कायम गरी भुक्तानी दिदा पालिकालाई थप व्ययभार परेको देखियो । यसरी संघीय कानूनसँग सामञ्जय नहुने गरी र थप ब्ययभार हुने गरी मापदण्ड बनाई खर्च लेख्नु उचित नदेखिएको रु

| गो.भौ.स/मिति | कार्यक्रम | सहभागी संख्या | दिन | पालिकाको निर्देशिका अनुसार भुक्तानी दर रु | संघीय निर्देशिका अनुसार भूक्तानी हुनु पर्ने दर रु | फरक दर | बढी व्ययभार रु |
|---|---|---|---|---|---|---|---|
| १३२-०८०/१/१३ | एकीकृत पाठ्यक्रम सम्बन्धी २ दिने तालिम (०७९।१२।२२ र २३ गते सम्म) | ४१ | २ | १००० | ७०० | ३०० | २४६०० |
| **जम्मा** | | | | | | | **२४६००** |

| | |
|---|---|
| अनियमित भएको | २४,६०० |

७५. **संयोजक तथा सहयोगी भत्ता** - नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ (७ र ८) मा गाउँपालिकास्तरमा संयोजक भत्ता प्रति दिन रु ३०० र सहयोगी भत्ता प्रति

दिन रु १५० का दरले मात्र दिनु पर्ने व्यवस्था छ । तर पालिकाले जारी गरेको कार्यसञ्चालन निर्देशका, २०७९ मा संयोजक भत्ता प्रति दिन रु १००० र सहयोगी भत्ता प्रति दिन रु ५०० तोकिएको अवस्था छ ।पालिकाको आन्तरिक आम्दानी न्यून (पालिकाको कुल खर्चको ०.४९ प्रतिशत मात्र) रहेको अवस्थामा पालिकाले देहाय बमोजिम संघीय सशर्त अन्तर्गतका तालिम कार्यक्रममा संघीय निर्देशिकामा तोकिए भन्दा बढी दर कायम गरी भुक्तानी दिदा पालिकालाई थप व्ययभार परेको देखियो । यसरी संघीय कानूनसँग सामञ्जय नहुने गरी र थप व्ययभार हुने गरी मापदण्ड बनाई खर्च लेख्नु उचित नदेखिएको रु

| कार्यक्रम | संयोजक र सहयोगी | पालिकाको निर्देशिका अनुसार भुक्तानी रु | संघीय निर्देशिका अनुसार भूक्तानी हुनु पर्ने रु | बढी व्ययभार रु |
|---|---|---|---|---|
| साबुन बनाउने सीप विकास सम्बन्धी ७ दिने तालिम, वडा नं १ | | ७००० | ३१५० | ३८५० |
| बेमौसमी तरकारी खेती सम्बन्धी ७ दिने तालिम, वडा नं २ | | ७००० | ३१५० | ३८५० |
| एकीकृत पाठ्यक्रम सम्बन्धी २ दिने तालिम (०७९।१२।२२ देखि २३ गते सम्म) | १ संयोजक २ सहयोगी | ७००० | १२०० | ५८०० |
| ५ दिनेआयुर्वेद तथा योग शिक्षा तालिम | सहयोगी | २७५०० | १६५०० | ११००० |
| **जम्मा** | | | | **२४५००** |

| | |
|---|---|
| अनियमित भएको | २४,५०० |

७६. **होजीयारी मेसिन खरिद -** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ।पालिकाले गो. भौ. न. १५१ मिति २०८०।१।२८ मा नयना ट्रेड कन्सर्न कञ्चनपुरबाट २८ थान हाते होजीयारी (सिलाई

बुनाई) मेसिन रु १९,५०० को दरले कोटेशन मार्फत खरिद गरि रु ५,४६,००० खर्च लेखेकोमा २६ जना सहभागी मात्रै छनौट भएकोमा बाँकी २ थान हाते होजीयारी मेसिन बढी खरिद गरेको देखिएकोले जिन्सी मौज्दात देखाउनु पर्ने अन्यथा असुल गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३९,००० |

७७. **पकेट क्षेत्र अनुदान -** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना निर्देशिकाको वुदा नं ४.१.४ मा आलु पकेट क्षेत्र निर्धारण गर्नका लागि न्यूनतम ५ हेक्टर क्षेत्रफल भएको हुनुपर्ने व्यवस्था गरेको छ ।पालिकाले तपशिल वमोजिमका समुहलाई विभिन्न पकेट क्षेत्रमा राखी बिउ विरुवा अनुदान वितरण गरेको देखियो । निर्देशिकाले तोकेवमोजिम पकेट क्षेत्रको आधार पूरा गरे नगरेको तथा बिउ विरुवा अनुदान दिएपश्चात उत्पादकत्व बृद्धि भए नभएको सम्वन्धमा अनुगमन मूल्यांकन गरेको देखिएन ।यसले जुन उद्देश्यले किसानलाइ अनुदान वितरण गरेको हो सो उद्देश्य पूरा भइ किसानहरुको जीवनस्तरमा सुधार भए नभएको सम्वन्धमा एकिन हुन सकिएन ।

| **कृषक समुह** | **प्रयोजन** | **कार्यक्रम** | **लाभान्वित कृषक** | **अनुदान रकम** |
|---|---|---|---|---|
| शैल्य मालिकार्जुन कृषक समूह | ओखर विरुवा वितरण | साना सिचाँई कार्यक्रम | ५० | १२००००० |
| रानीपातल कृषक समुह | सुन्तला विरुवा वितरण | कस्मिरी ओखर खरिद | ४५ | ६००००० |
| मालिकार्जुन सहभागि कृषक समुह | मौरी घार वितरण | कलमी सुन्तला वितरण | ५६ | ९२४००० |
| **जम्मा** | | | | **२७,२४,०००** |

७८. **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

७९. **अनुगमन मूल्याङ्कन -** लघु उद्यान विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४ मा प्रतिस्पर्धामा छनौंट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम अन्तरगत समूह÷फर्म छनौंट गरी गरीवी निवारण एवं विपन्न वर्गको आय आर्जनमा टेवा पुर्‍याउने उद्देश्यले कार्यक्रम सञ्चालन गर्न सक्ने व्यबस्था रहेको छ ।पालिकाले सबै जसो

वडामा नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि गरीवी निवारण गर्नका लागि लघु उद्यम विकास कार्यक्रम अन्तरगत सिलाई कटाइ तालिम सञ्चालन गरेको छ । सञ्चालित तालिमबाट के कस्तो उपलब्धी हासिल भयो सो सम्बन्धमा गाउँपालिकाबाट अनुगमन भएको पाइएन ।गरीवी निवारणलाई अन्त्य गरी नयाँ लघु उद्यमी सिर्जना गर्नको लागि सञ्चालित तालिमबाट हासिल भएको सीपलाई व्यवहारमा कार्यन्वयन गरी दिगो रुपमा लघु उद्यम विकासको लागि निरन्तर रुपमा अनुगमन मूल्याङ्कन गरी कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ निर्देशिकामा भएको व्यबस्था अनुसार पालिकाले नियिमत अनुगमन गर्नृपर्दछ ।

८०. **कर्मचारी मार्फत भुक्तानी** - पालिकाले इलेक्ट्रोनिक फण्ड ट्रान्सफर प्रणाली लागु भएपश्चात पनि विभिन्न समानहरु खरिद भएका फर्म तथा पार्टीहरुलाई सिधै भुक्तानी नदिई कर्मचारी मार्फत भुक्तानी दिएको पाइयो । यसरी भुक्तानी दिने प्रवृत्तिमा सुधार हुनुपर्दछ । केही उदाहरण निम्न छन

| **भौ नं** | **कामको विवरण** | **भुक्तानी पाउने कर्मचारी** | **रकम** |
|---|---|---|---|
| विभिन्न | विभिन्न मेला तथा जात्रा व्यवस्थापन | किशोर सिंह नगारी | ६४२२५० |
| ४३६ | कार्यालय समान | ललित राज पन्त | २४५००० |
| ४५८ | कार्यालय समान, बैठक भत्ता आदी | धन बहादुर चन्द | ३००००० |
| ४६९ | विविध | राम सिंह धामी | १००००० |
| ४७० | सञ्चार र विद्युत | लोकेन्द्र सिंह धामी | ९७२५० |
| ५०४ | | गंगाराम लोहार | १५०००० |

८१. **नाफामूलक संस्थालाई अनुदान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई वा कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाउँपालिका चालु तर्फ भौचर नं. २७६, मिति ०७९।१२।१३ बाट शैल्यशिखर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय सञ्चालन तथा व्यवस्थापन प्रयोजनको लागि रु ३,५०,००० खर्च लेखेको पाइयो । नाफामूलक संस्थालाई सहयोग गर्नु उचित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ३,५०,००० |

८२. **विविध खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्चको पुष्टयाई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च वापत रु. ३८,३४,२१५ खर्च गरेको छ । यस्तो खर्च खाना चिया खाजा लगायतमा खर्च हुने गरेको देखिन्छ ।पालिकाको यो बर्षको आन्तरिक आय रु ३०,३०,४२५ को तुलनामा उक्त खर्च १२६.५२ प्रतिशत रहेको देखिन्छ । कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले कार्य सञ्चालन निर्देशिका बनाएको भएतापनि यस्तो खर्च नियन्त्रण गर्न कुनै

परिमाणात्मक मापदण्ड बिकास नतोकेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

८३. **साँस्कृतिक महोत्सव** - पालिकाले वडा नं ७ को जोलजिविमा मिति २०७९।८।७ देखि १० सम्म सञ्चालित साँस्कृतिक महोत्सवको समितिले पेश गरेको खुद्रा बिलभर्पाईहरुको आधारमा भौचर नं १२० बाट रु ५,००,००० भौचर नं १५८ बाट सोही समितिलाई रु २,००,००० र भौचर नं १८० बाट सोही महोत्सवको लागि रु १,४४,४१५ गरी कुल भुक्तानी रु ८,४४,४१५ भएको छ । उक्त खर्च मध्ये खाना खाजाका विभिन्न होटलको बिलहरु तथा बैठक भत्ताको कुल रकम रु ४,६१,२१५ रहेको देखिन्छ । होटल खर्च गर्दा रु २०,००० भन्दा बढी भुक्तानीमा मूल्य अभिवृद्धि कर बिजक प्रयोग नभएको, होटलको सेवा खरिदमा खरिद नियमावलीको नियम ११ को प्रक्रियाहरु पुरा नगरेको, सहभागी संख्या, उनिहरुलाई उपलब्ध हुने खाना खाजाको बिषयलाई निश्चित मापदण्ड भित्र राखी खर्च गर्नुपर्नेमा नगरेको जस्ता कैफियतहरु रहेका छन ।उल्लिखित कमजोरीहरु सुधार गरी यस्ता खर्चलाई निश्चित मापदण्डभित्र राखी सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ ।

८४. **बिल भर्पाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं १४८ मिति २०७९।९।२१ बाट खर्च लेखेको रु ३०००० र भौचर नं ३१७ मिति ०८०।१।२२ बाट खर्च लेखेको रु ५२६०० गरी कुल रु ८२६०० को बिल भर्पाई पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६२,६०० |

८५. **अन्य निकायको खर्च** - आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली बमोजिम विनीयोजित बजेट निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयमा प्राप्त हुने रकम तोकिएको काममा मात्र खर्च गर्न सकिनेमा कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निकायलाई समेत निम्न अनुसार रु. २,४३,४४० खर्च गरेको रकम उचित देखिएन यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| **भौ.नं./मिति** | **फर्मको नाम** | **कामको विवरण** | **निकाय** | **रकम** |
|---|---|---|---|---|
| २५३-०८०-३-२४ | सरस्वती सप्लायर्स | २ थान बेड | दार्चुला जिल्ला अदालत | ९९४४० |
| १८७-०८०-२-०७ | | प्रहरी चौकी शौचालय निर्माण | प्रहरी चौकी मालिकार्जुन | १४४००० |
| **जम्मा** | | | | **२४३४४०** |

८६. **सिमा भन्दा बढी कन्टिजेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने व्यबस्था छ । कार्यालयले गोश्वारा भौचर नम्बर १६-०८०-३-२४ बाट सरस्वती मा.बि सेलिचामाको निर्माणाधिन बिध्यालयको भवनको सुपरभिजन गर्ने कार्यको लागी मोहन सिंह धामी लाई अडाखान देवल सडक निर्माण योजना बजेट बाट रु. २,९०,९५० भुक्तानी गरेकोमा उल्लेखित सडक निर्माण संग असम्बन्धित कार्यमा कन्टिजेन्सी खर्च गर्नुको साथै सडक योजनामा रु. १५,५२,३८८ खर्च भएकोमा अधिकतम कन्टिजेन्सी ४% ले रु.६२,०९५ खर्च गर्न सकिनेमा सिमा भन्दा रु.२,२८,८५५ बढी खर्च गरेको देखियो । सम्बन्धित योजना समेत खर्च नगरी सिमा भन्दा बढि खर्च लेखेको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,२८,८५५ |

८७. **बाख्रा खरिद** - गो.भौ.नं १८१-२०८०/२/२३ मा बाख्रा पकेट समितिलाई ६६ वटा खरिजात बाख्राको रु १५००० का दरले हुने ९९०००० मा ५० प्रतिशत कटाई कैलालीको प्राची फार्मलाई भूक्तानी गरिएको छ ।कैलाली जिल्लामा खरीजातको बाख्राको मूल्य प्रति के जी रु ३८५ तोकिएको छ । खरिद गरिएका बाख्राहरु के कति तौलका र प्रकार तथा उमेर नखुल्दा तोकिएको दररेट भन्दा कम वा बढी के भयो एकीन हुन सकेन। जिल्ला दररेट तोकिएको अवस्थामा सो लाई आधार मानेर लागत अनुमान बनाई खरिद गर्नु पर्नेमा सो गरेको देखिएन ।

८८. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन** - आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्त्व ऐन २०७६ को दफा ३४ मा कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ३३ ( ८ ) मा आन्तरीक लेखापरीक्षण प्रतिबेदनमा समाबेश भएका ब्यहोरा अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै फस्यौंट तथा सम्परीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले ऐनको सो व्यवस्था अन्तर्गत अन्तिम लेखापरीक्षण अघि आन्तरिक लेखापरिक्षणबाट औल्याइएका वेरुजू फस्यौंट नगरेकोले फस्यौंट भएको प्रमाण पेश गर्नुपर्ने रु

| सि नं | आलेप प्रतिवेदन दफा नं | व्यहोरा | रकम रु |
|---|---|---|---|
| १ | २ | ४०-२०७९/०६/१३मेख राज जोशी सवारी साधन तथा मेशिनरी औजार भाडा भुक्तानी गर्दा गत आ.व.को दायित्व सिर्जना म ले प फा नं २२१ प्रमाणित वेगर र सम्झौता अनुसार रु १७४००० भुक्तानी हुनुपर्नेमा रु १७६५०० भुक्तानी भएकोले बढी भुक्तानी रकम असूली दाखिला गर्नुपर्ने रु | २५०० |

| | | | |
|---|---|---|---|
| २ | ४ | ५३-२०७९/०६/३०काली देवी धामी विविध खर्च पुल संरक्षक नियुक्ति पत्र अधिकार प्राप्त अधिकारबाट प्रमाणित वेगरको भुक्तानी रु | ६००० |
| ३ | ५ | ५६-२०७९/०६/३१ सिद्धराज पन्त सवारी साधन तथा मेशिनरी औजार र विविध खर्च विल अनुसार रु ९४००० भुक्तानी हुनुपर्नेमा रु १०४५०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुली दाखिला गर्नुपर्ने रकम रु | १०५०० |
| ४ | ६ | ६६-२०७९/०७/१८ अमर सिंह धामीको २०७८।९।३० देखि २०७८।१२।१५ सम्म २ महिना १५ दिनको भाडा मासिक १८००० को दरले ४५०००० र २०७९।४।१९ गतेको कार्यपालिकाको निर्णय अनुसार मर्मत खर्च रु १०००० गरी जम्मा रु ५५००० भुक्तानी हुनु पर्नेमा रु ७३००० भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुली दाखिला हुनु पर्ने रु | १८००० |
| ५ | ७ | ८८,२०७९।०९।०५ बिमा तथा नवीकरण खर्च भुक्तानी गर्दा समयमै नगरि जरिवाना वापतको नियमसम्मत नदेखिएको रकम रु | १२००४ |
| ६ | ९ | २१६,२०७९।१०।२५ जनक राज जोशी र धन बहादुर चन्द को गाडीभाडा भुक्तानी गर्दा सम्झौता पत्र र लक बुक पेश गर्नुपर्ने रकम रु | २१००० |
| ७ | १० | ३५४,२०८०।०२।०४ पार्वती देवी धामीतीज विशेष कार्यक्रम खर्च भुक्तानी गर्दा माग फारम, खरिद आदेश, दाखिला प्रतिवेदन वा हस्तान्तरण फारम पेश हुनुपर्ने रकम रु | १०००० |
| ८ | ११ | ३५५,२०८०।०२।०४ राम प्रसाद पन्त भ्रमण अवलोकन खर्च भुक्तानी गर्दा बोर्डिङ पास पेश गर्नुपर्ने अन्यथा असुलि दाखिला हुनुपर्ने रकम रु | ७५०० |
| ९ | १२ | ३७३,२०८०।०२।१७ मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन शंकरपुर प्रहरी चौकी व्यवस्थापन रकम भुक्तानी गर्दा मर्मत आदेश, दाखिला प्रतिवेदन वा हस्तान्तरण फारम बिनाको भुक्तानी रकम रु | ३०९४५ |
| १० | १३ | ३८३,२०८०।०२।२३ सुशिला बोहराको घरभाडा भुक्तानी गर्दा गत आ.ब. दायित्व सिर्जना (म.ले.प.फा.न २२१) प्रमाणित वेगरको गठन प्रक्रिया, सम्झौता, खाता संचालन लगायतका प्रमाण बिनाको भुक्तानी रकम रु | १०००० |

| | | | |
|---|---|---|---|
| ११ | १४ | ४११,२०८०\|०३।०१ सहायक कर्मचारी लक्ष्मी धामीलाई रकम भुक्तानी गर्दा बिल भरपाई पेश हुनुपर्ने रकम रु | ४५०००० |
| १२ | १५ | ४७३,२०८०।०३।२१ लोक राज ओझालाई बिमा तथा नबिकरण खर्च भुक्तानी गर्दा जरिवाना वापतको रकमनियमसंगत नदेखिएको रकम रु | ३१९९५ |
| १४ | १६ | ५२७,२०८०।०३।२४ राम सिंह धामीको नारी दिवस र तिज बिशेष कार्यक्रम खर्च भुक्तानी बिल अनुसार रु गर्दा २५२४०हुनुपर्नेमा रु ३०००० भुक्तानी भएकोले बढी भएको रकम असुलि दाखिला गर्नुपर्ने रकम रु | ४७६० |
| १६ | १९ | २२,२०७९।०९।२० नेशनल स्मृती शहिद प्रतिष्ठानको बिलअनुसार अग्रिम आयकर कट्टी रु ७३४२ हुनुपर्नेमा रु ५०९० मात्र कट्टी भएकोले बढी भएको रकम असुलि दाखिला गर्नुपर्ने रकम रु | २२५२ |
| १७ | २० | २३,२०७ ९।०९।२४ लटिनाथ कैलपाल मन्दिरको सार्वजनिक शौचालय निर्माण उ.स भुक्तानी भएकोले बढी भएको रकम असुलि दाखिला गर्नुपर्ने रु | ६०००० |
| १८ | २१ | ३२,२०७९।१०।२५ बसेडी देखी गोरुबादेसम्म सोलिङ बाटो निर्माण (चन्द्रा देवी धामी अध्यक्ष रहेको उ.स) कन्टिजेन्सि बापतको रकम कट्टी नभएकोले उक्त रकम असुलि दाखिला गर्नुपर्ने रु | ४००० |
| १९ | २२ | ३३,२०७९।१०।२५ सुनकट्या खानेपानी टंकी निर्माण उ.स ( लक्ष्मी धामी अध्यक्ष रहेको) ठेक्का बिल अनुसार रु ९५१४३भुक्तानी हुनुपर्नेमा रु९९१४३ भुक्तानी भएकोले बढी भएको रकम असुलि दाखिला गर्नुपर्ने रु | ४००० |
| २० | २३ | ३५,२०७९।१०।२५ साननीचोर मन्दिर पर्यटन पूर्वाधार अन्तर्गत खर्च रकम भुक्तानी गर्दा लागत अनुमान अधिकार प्राप्त अधिकारीको स्विकृती बेगरको भुक्तानी रकम रु | ९०००० |
| २१ | २४ | ३६,२०७९।१०।२५ओखलढुङ्गा देखी ठूलखालि सम्म सोलिङ्ग बाटो निर्माण ( देव सिंह धामी अध्यक्ष रहेको उ.स ) ठेक्का बिल अनुसार भुक्तानी हुनुपर्नेमा रु ९६०००भुक्तानी हुनु पर्नेमा १००००० भुक्तानी भएकोले बढी भएको रकम असुलि दाखिला गर्नुपर्ने रु | ४००० |

| | | | |
|---|---|---|---|
| २२ | २५ | ३८,२०७९।१०।२५ रौटा खोला टंकी मर्मत तथा संरक्षण खर्च रकम भुक्तानी गर्दा ठेक्का बिल अनुसार रु ९५५७९ हुनुपर्नेमा रु ९८६०४ भुक्तानी भएकोले बढी भएको रकम असुलि दाखिला गर्नुपर्ने रु | ४००० |
| २३ | २६ | ५०,२०७९।११।१० ऐरानी देखी पातल सम्म ढल निर्माण योजनाको ठेक्का बिल अनुसार रु ९५५८५ हुनुपर्नेमा रु ९९५८४ भुक्तानी रकम रु | ४००० |
| २४ | २७ | ६४,२०७ ९।१२।१२ मेलासैन देखी सिलंगैर PCC बाटो निर्माण क्रमागत योजना ठेक्का बिल अनुसार रु १,८६,३८३.६९ हुनुपर्नेमा रु १८९२८७ भुक्तानी भएकोले बढी भएको रकम असुलि दाखिला गर्नुपर्ने रु | २९०३ |
| २५ | २८ | १०९,२०७९।१२।३० मल्लो ठाडिधार पानीघट्ट सुधार योजनालाई रकम भुक्तानी भएको बिल भरपाई पेश गर्नुपर्ने रकम रु | ४८००० |
| २६ | ३० | २०३,२०८०।०२।१७ पथरखानी खानेपानी टंकी निर्माण डाडा खर्क सम्म योजनाको (शेर बहादुर चन्द उ.स अध्यक्ष) ठेक्का बिल भन्दा बढी भएको रकम असुलि दाखिला गर्नुपर्ने रु | ३६११ |
| २७ | ३१ | ३३४,२०८०।०३।१९ धन बहादुर चन्दलाई रकम भुक्तानी गर्दा बिल भरपाई लगायतको फाइल पेश गर्नुपर्ने रकम रु | ५०००० |
| २८ | ३५ | ७१,२०७९।०९।२६ विभिन्न कर्मचारीहरुलाई रकम भुक्तानी बिल भरपाई बिनाको भुक्तानी गर्दा बिल भरपाई पेश गर्नुपर्ने अन्यथा असुलि दाखिल गर्नुपर्ने रु | ५७३६१ |
| २९ | ३७ | ६३,२०८०।०३।२४ सेलिचामा लघु जलबिद्युत मर्मत (नबिकरणीय उर्जा प्रबिधि जडान) सम्बन्धी भुक्तानी गर्दा कोटेशन,दाखिला,खरिद आदेश,सम्झौता पेश हुनुपर्ने रकम रु | ३००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,४९,३३१ |

८९. **सवारी बहाल कर** - स्थानिय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र भित्र स्थानिय तहले संकलन गर्न सक्ने कर दफा ५५ देखि ६२ (ख) तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ३ को उपदफा (३) सँग सम्बन्धित अनुसूची ३ मा स्थानीय तहले लगाउन सक्ने कर तथा गैरकर उल्लेख भएबमोजिम सवारी बहाल कर स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न उपभोक्ता समितिहरुले निर्माण

कार्य गर्दा प्रयोग गरेको सवारी भाडामा कट्टी गरेको सवारी वहाल कर रु.६,२८,१३९ कट्टी गरी स्थानीय संचितकोषमा जम्मा गरेकोले अधिकार क्षेत्र भन्दा भिन्न रहेको कर रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२८,१२९ |

९०. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।स्यायी पदपुर्ति हुन नसकेको कारण पालिकाले वित्तिय समानीकरणबाट करारमा नियुक्ती गरि पठानपाठन सञ्चादन गरेको स्थिति छ भने हाल सम्म पनि ११ जना दरवन्दी रिक्त हुनुले पठनपाठनको स्थिति राम्रो छ भनि सुनिश्चित गर्न सकिएन । रिक्त दरवन्दीको समयमै पदपुर्ती गर्न पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं. | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये गा पा करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ४४ विद्यालय | २४९ | २३८ | ४७ | ३५१० |

९१. **स्वयंसेवक शिक्षक तलब -** अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका स्वयंसेवक शिक्षकको लागि २५ वटा विद्यालयका ५४ शिक्षकको लागि पालिका चालु तर्फ गो.भौ.नं. ४१ र १६१ बाट रु. ३८,२५,००० र रु ४८,१०,००० गरी कुल रु ८६,३५,००० तलब भत्ता अनुदान दिएको देखिन्छ । विद्यालयहरुलाई स्वयंसेवक शिक्षकको तलब भत्ता निकासा दिनु पूर्व विद्यालयगत दरबन्दी मिलान गरी तथा शिक्षक विद्यार्थी अनुपात, विद्यालयको स्तरोन्नती, प्राविधिक शिक्षा लगायतका विषयहरु समेत ध्यान दिई आवश्यकताको आधारमा थप शिक्षक एकिन गरी तलब भत्ता रकम उपलब्ध गराउन सकिने भएतापनि सो अनुसार नगरी समानिकरण अनुदानबाट निजी शिक्षकको तलब भत्ता निकासा गर्नु उचित देखिएन ।यसरी खर्च लेख्ने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ ।

९२. **पाठ्यपुस्तक अनुदान -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकममध्ये खर्च नभएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.४.६.१. मा सार्वजनिक विधालयका विधार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान वापत शैक्षिक सत्रको शुरुवातमै ७५ प्रतिशत अनुदान निकासा गर्ने र पाठ्यपुस्तक खरिद गरि वितरण भरपाई सहित खरिद गरेको विल भरपाई पेश गरि बाँकी २५ प्रतिशत अनुदान सोधभर्ना गर्नुपर्ने व्यवस्था छ ।यस वर्ष पालिकाले ४४ विध्यालयमा पाठ्यपुस्तक अनुदान वापत गो भौ न १४१ मिति २०८०।१।१७ मा रु २२,७१,१४४ र नपुग निकासा रु ६०,३८४ गरि कुल

रु २३,३१,५२८ अनुदान निकासा गरेको छ। पालिकामा ४४ विध्यालयको पाठ्यपुस्तक खरिद गरेको विल भरपाई लेखापरीक्षणको समयमा समेत पेश हुन सकेन।तपशिलमा उल्लेखित विधालयहरुको पाठ्यपुस्तक खरिद गरेको विल भरपाई वेगर कार्यक्रम कार्यान्वयन पुस्तिका विपरित हुने गरि थप २५ प्रतिशत अनुदान निकासा दिएकोले सम्बन्धित विधयालयबाट पाठ्यपुस्तक खरिदको विल भरपाई भिडान गरी बढी निकासा भए नभएको एकिन गर्नुपर्ने रु.

| **विध्यालयको नाम** | **निकासा रकम** | **७५% ले हुने रकम** | **थप निकासा** |
|---|---|---|---|
| श्री दुर्गेश्वरी आ.वि. रेवली | ५७६३ | ४३२२ | १४४१ |
| श्री डरङरी आ.वि.डुङरी | ८७३० | ६५४८ | २१८३ |
| श्री श्री निलपातालेश्वर मा.वि. भर्तोला | ११५६९७ | ८६७७३ | २८९२४ |
| श्री रानिस्थान आ.वि.सिराड | १५००० | ११२५० | ३७५० |
| श्री शान्तिनिकेतन आ.वि. कालामाटा | ८१२४ | ६०९३ | २०३१ |
| श्री युवावर्ष आ.वि. खुना | ११४९७ | ८६२३ | २८७४ |
| श्री वसन्तपुर आ.वि. न्वालपानी | ३७२२१ | २७९१६ | ९३०५ |
| श्री राष्ट्रिय मा.वि.ठीङ | १४७०६१ | ११०२९६ | ३६७६५ |
| श्री सरस्वती मा.वि.सेलीचामा | १३७७४८ | १०३३११ | ३४४३७ |
| श्री कच्चन आ.वि.गजाल | ११४५३ | ८५९० | २८६३ |
| श्री देवपुर आ.वि. खालीडाडा | २०८४३ | १५६३२ | ५२११ |
| श्री लटिनाथ आ.वि. चौड | २५२७३ | १८९५५ | ६३१८ |
| श्री वानेश्वर आ.वि. गाडखोला | ११००५ | ८२५४ | २७५१ |
| श्री लटिनाथ आ.वि.बसेडी | ७१६८४ | ५३७६३ | १७९२१ |
| श्री मालिकार्जुन मा.वि.मड | ३०६७१३ | २३००३५ | ७६६७८ |
| श्री रानिशिखर आ.वि.गोठ्युडी | ५५२० | ४१४० | १३८० |
| १७ श्री जनज्योती आ.वि.देवधुरा | १८४५३ | १३८४० | ४६१३ |
| १८ श्री बालिचन आ.वि. चडेखान | ३६३१० | २७२३३ | ९०७८ |
| १९ श्री हुनैनाथ आ.वि. बेलुकोट | ३२१६८ | २४१२६ | ८०४२ |
| २० श्री हुनैनाथ मा.वि.चन्दनपुर | ८७९९६ | ६५९९७ | २१९९९ |

| | | | |
|---|---|---|---|
| २१ श्री खान मा.वि.ऐरीछाना | ८१९०४ | ६१४२८ | २०४७६ |
| २२ श्री मालिकार्जुन आ.वि.लास | १००९४ | ७५७१ | २५२४ |
| २३ श्री सैपाल आ.वि.मवाडी | २२९३७ | १७२०३ | ५७३४ |
| २४ श्री बालिचन आ.वि.मल्तडी | ४१६११ | ३१२०८ | १०४०३ |
| २५ श्री लटिनाथ आ.वि.लीमा | २२९७७ | १७२३३ | ५७४४ |
| २६ श्री सुनशिखर आ.वि.घोडेढुङ्गा | १८६३२ | १३९७४ | ४६५८ |
| २७ श्री कृष्ण मा.वि.डाडाकोट | १५२७९४ | ११४५९६ | ३८१९९ |
| २८ श्री भूमिराज आ.वि.च्युरानी | ५९२१ | ४४४१ | १४८० |
| २९ श्री हुनैनाथ आ.वि.सलेती | १५४३५ | ११५७६ | ३८५९ |
| ३० श्री गरडा मा.वि.बाँकु | ११३२६० | ८४९४५ | २८३१५ |
| ३१ श्री सरस्वती मा.वि.उकु | १८१८८० | १३६४१० | ४५४७० |
| ३२ श्री जगदम्बा आ.वि.थलाबन्धला | ६५६२ | ४९२२ | १६४१ |
| ३३ श्री मालिकार्जुन आ.वि.कुचाकोट | ६११३ | ४५८५ | १५२८ |
| ३४ श्री उदयदेव आ.वि.खेतार | ५४७२ | ४१०४ | १३६८ |
| ३५ श्री केदारनाथ आ.वि. श्रीपुर | ६२०२ | ४६५२ | १५५१ |
| ३६ श्री परोपकार आ.वि.चौकी | ३४५९३ | २५९४५ | ८६४८ |
| ३७ श्री डिन्सी मा.वि.डिन्सी | ५२०४० | ३९०३० | १३०१० |
| ३८ श्री भगवती आ.वि.सात्वोरी | ९२७४ | ६९५६ | २३१९ |
| ३९ श्री वालकल्याण आ.वि. थकतोली | १३८२२ | १०३६७ | ३४५६ |
| ४० श्री सोमनाथ आ.वि. चस्कोट | १२८६७ | ९६५० | ३२१७ |
| ४१ श्री शारदा आ.वि.धामालेक | २४४३२ | १८३२४ | ६१०८ |
| ४२ श्री दीपज्योति आ.वि.रञ्चनी | १३८३० | १०३७३ | ३४५८ |
| ४३ श्री लटिनाथ आ.वि.खोलीचोरा | ४१२९१ | ३०९६८ | १०३२३ |
| ४४ श्री शंकरपुर मा.वि. पस्ती | २६२९४५ | १९७२०९ | ६५७३६ |

| | |
|---|---|
| **जम्मा** | **५६७७८७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६७,७८९ |

९३. **प्रति विद्यार्थी इकाइ लागत -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गरी विद्यार्थी संख्या यकिन गरेर मात्र बालबिकास अनुदान, पिसिएफ अनुदान, छात्रवृति अनुदान, कक्षा १ को निरन्तर विधार्थी मुल्याँकन अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कलाई सत्यापन गर्नु पुर्व नै ४४ वटा विद्यालयमा बालबिकास अनुदानतर्फ रु २,३५,५००, पिसिएफ तर्फ रु. ६,८७,५००, गरि कुल रु ९,२३,००० अनुदान निकासा गरेको छ। EMIS मा प्रवृष्टि भएको संख्यालाई पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ भने विद्यालयले छात्रावृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ। सत्यापन प्रतिवेदनसँग तुलना गर्दा निम्न विधालयहरुलाई PCF तर्फ बढी भुक्तानी हुन गएको रु ९२५० असुल गरि सँघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु.

| **विधालयको नाम** | **कक्षा** | **EMIS सँख्या** | **सत्यापन सँख्या** | **बढी सँख्या** | **प्रति दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| सैपाल आवि मवाडी | १ | १४ | ११ | ३ | १०० | ३०० |
| खान मावि अईरिचान | १ | ८ | ६ | २ | १०० | २०० |
| खान मावि अईरिचान | १ - ५ | ४४ | ३५ | ९ | १५० | १३५० |
| खान मावि अईरिचान | ६ - ८ | ४४ | ४३ | १ | २०० | २०० |
| खान मावि अईरिचान | ९- १० | ३९ | ३३ | ६ | २०० | १२०० |
| हुनैनाथ आवि सालेती | १ | १० | ८ | २ | १०० | २०० |
| हुनैनाथ आवि सालेती | १- ५ | ३१ | २७ | ४ | १५० | ६०० |
| हुनैनाथ आवि बेलुकोट | १ | ८ | ६ | २ | १०० | २०० |
| लटिनाथ आवि चौड | ECD | २२ | १२ | १० | ५०० | ५००० |
| **जम्मा** | | | | | | **९२५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,२५० |

९४. **शैक्षिक प्रतिवेदन -** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक गाउँपालिकले गाउँ सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या,

विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ । गाउँपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन । उल्लिखित कमजोरीमा सुधार हुनुपर्दछ ।

९५. **विद्यालयगत निकासा रजिष्ट्रर -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ ।कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन ।जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

९६. **शैक्षिक तथ्यांक -** गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित आ.ब.२०७९/८० को कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएका व्यवस्था बमोजिम गर्नुपर्दछ । कार्यालयले कृयाकलाप नं १.१.४.१ प्रारम्भिक वाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान वापत चौमासिक रुपमा तलव भत्ता वापतको रकम सम्बन्धित विद्यालयमा निकासा गरी खर्च लेखेको छ । विद्यालयलाई तलव भत्ता लगायतका अनुदान उपलव्ध गराउँदा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS) २०७६ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउन पर्नेमा विद्यालयले भरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको सम्बन्धमा गाउँपालिकाले निरीक्षण गर्ने एवं प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम सही हो भनी यकिन गर्न सकिएन ।

९७. **इन्टरनेट जडान -** शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन पुस्तिका, आ व ०७९।८० को क्रियाकलाप नं २.७.१३.१० मा प्रत्येक स्थानीय तहले विधालय सञ्चालन तथा व्यवस्थापन अनुदान दिन सक्ने व्यवस्था छ।कार्यालयले सञ्चालन तथा व्यवस्थापन अनुदान मार्फत सामुदायिक विधालयको शैक्षिक कार्यक्रमलाई गति प्रदान गर्न ४४ सामुदायिक विद्यालयहरुलाई प्रति विधालय रु १२००० को दरले रु.५२८००० इन्टरनेट जडानका लागि अनुदान प्रदान गरिएकोमा सम्बन्धित प्रयोजनमा खर्च भए नभएको एकिन गर्न नसकिएकोले पालिकाले सो सम्बन्धी अनुगमन गर्नुपर्दछ ।

९८. **सामाजिक परीक्षण र वित्तीय लेखापरीक्षण -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० बमोजिम यस नगरपालिका ४४ विद्यालयलाई क्रमशः १५ हजार र १० हजारका दरले सार्वजनिक परीक्षण तथा लेखापरीक्षण बापत रु ४९५००० अनुदान दिएकोमा सामुदायिक विधालयहरुले पारदर्शिता र जवाफदेहिता

सुनिश्चितताका साथ दोस्रो चौमासिक निकाशा दिँदा सम्म सामाजिक परीक्षण प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा लेखापरीक्षण अवधिसम्म आर्थिक तथा सामाजिक लेखापरीक्षण प्रतिवेदन लिएको देखिएन। नियममा व्यवस्था भए बमोजिमको कार्य गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

९९. **पोषण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम बजेट खर्च गर्दा रीत पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बहुक्षेत्रिय पोषण सम्बन्धि आयमुलक कार्यक्रम संचालन कार्यबिधी,२०७७ बमोजिम पोषण सुधारका लागी बिपन्न समुदायका महिला समुह वा सहकारीहरुलाई बिपन्न सदस्यहरुको आय आर्जन सुधार कार्यक्रम गर्न प्रस्ताब बमोजिमको कुखुरा पालन १० जना, तरकारी खेती १० जना र बाख्रा पालन ५ जना समेत २५ जनालाई रु. २५,००० का दरले रु. ६,२५,००० मिति २०७९-१२-०५ मा सम्झौता गरी २०८० असार २० सम्म सम्पन्न गर्नुपर्ने गरी गोश्बारा भौचर नम्बर ११६-०७९-१२-१२ बाट भगवती बिकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड लाई रकम निकासा भएकोमा प्रस्ताब बमोजिम कार्य तोकिएको समयमा सम्पन्न भएको प्रमाण खुल्ने कागजात संलग्न भएको देखिएन । कार्यबिधि अनुसार लक्षित सदस्यहरुलाई बचत तथा ऋण सहकारी संस्था लिमिटेडले कार्य गराई रकम भुक्तानी गरे नगरेको एकिन गरी पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२५,००० |

१००. **दिर्घरोगीहरूको लागी औषधी वितरण** - पालिकाले यस वर्ष गाउँपालिका पुँजिगत गोश्वारा भौचर २३१-०८०-३-११ मा कफलासैनी मेडिसिन सप्लायर्स बाट रु. १४,४४,९९९ मुल्यको दिर्घरोगीहरुको लागी आवश्यकता अनुसार माग संकलन गरी लागत अनुमानको आधार समेत नलिई स्पेशिफिकेशन उल्लेख नगरी औषधी खरिद गरी पालीका भित्रका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरु मार्फत बितरण गरेको जनाएकोमा खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । खरिद गरिएको औषधिमा निःशुल्क वितरण गरिने छाप लगाएको पाईएन । खरिद भएका औषधी हरु बजेटको उदेश्य अनुसार नागरिकलाई निशुल्क वितरण गरेको सुनिश्चित हुनुपर्दछ ।

१०१. **औषधी खरिद** - सार्वनजिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सर्शत अनुदानबाट रु. २६,५६,३९५ गाउँपालिका चालुबाट रु २०,६१,२५४ र गाउपालिका पुँजिगत बाट रु. १४,४४,९९९ समेत गरी रु ६१,६२,६४८ मुल्यको औषधी तथा स्वास्थ्य उपकरण खरिद गरेकोमा नियमावलीको उपरोक्त व्यवस्थाको परिपालना भएको देखिएन । विभिन्न औषधीहरु निशुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधी खरिद गरेको देखिदैन । खरिद भएका औषधीको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको

यथार्थता विश्लेषण गर्न सकिएन । पालिकाले हस्तान्तरण गरेको औषधी सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधी नागरिकलाई निःशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ ।

---

१०२. **औषधी खरिद -** सार्वनजिक खरिद नियमावली २०६४ को नियम ११ मा मालसमानको लागत अनुमान स्पेशिफिकेसनको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष ई बिडिङ्ग मार्फत रु. २६,५६,३९५ को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको थप व्यहोराहरु निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको प्रमाण पेश नभएको,

• आपूर्ति भएका औषधि डव्लु.एच.ओ. जिएमपि सर्टिफाइड हुनुपर्नेमा सो भएको प्रमाण पेश नभएको र औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने गरेको पाइएन,

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन,

• जिन्सी कितावमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

---

१०३. **मातृ तथा नवशिशु कार्यक्रम -** आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ को अनुसुची २ को ग मा आमा सुरक्षा कार्यक्रम सञ्चालन गरेवापत स्वास्थ सँस्थले प्राप्त गर्ने ईकाइ मुल्य सामान्य प्रसुती सेवाको अवस्थामा प्रति सँस्थागत सुत्केरी रु २५०० दिनुपर्ने र सो कार्यक्रमको चेकलिस्ट बनाई निरन्तर अनुगमन गर्नुपर्ने उल्लेख छ ।गो भौ न २७० मिति २०८०।३।२३ मा मालिकार्जुन स्वास्थ्य चौकीलाई सँस्थागत सुत्केरी वापत २५ जना सुत्केरी दर्ता भएकोमा २६ जना सुत्केरी जनाई जनही रु २५०० को दरले भुक्तानी गरेको र सो को अनुगमन समेत नगरेकोले बढी भुक्तानी भएको सम्बन्धित स्वास्थ्य चौकीबाट असुल उपर गरि सँघिय सञ्चितकोष दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५०० |

१०४. **स्वास्थ्यकर्मीहरुको तलबी प्रतिवेदन -** नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को ७ क मा स्वास्थ्य चौकी तथा अस्पतालमा स्थायी दरवन्दीमा रहेका स्वास्थ्यकर्मीहरुलाई तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ ।पालिकाले यो वर्ष स्थायी दरवन्दीमा कार्यरत ५ वटा स्वास्थ्य चौकी सहित १ आधारभुत अस्पतालमा कार्यरत ३२ जना स्वास्थ्यकर्मीहरुको तलवी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिवेदन पारित नगराई वार्षिक रु २,२७,९९,०८२ तलब खर्च लेखेको देखिन्छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने भएकोले ग्रेड रकम यकिन गर्न सकिएन ।तसर्थ तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१०५. **समायोजन ग्रेड -** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३०५ मिति २०७९।२।५ को समायोजन भएका स्वास्थ्य सेवा कर्मचारीको ग्रेड सम्बन्धी पत्रमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७(८) बमोजिम समान तहमा समायोजन भएका नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई समयोजन ग्रेड थप गरी उपलब्ध गराउने साथै त्यस्तो ग्रेड समायोजन भइ गएका तहमा बहाल रहेसम्म पाउने, स्तरवृद्धि भएपश्चात जुन तहमा स्तर वृद्धि भएको हो सो तहको सुरु तलब स्केल मात्र पाउने तर त्यस्तो सुरु स्केल खाईपाई आएको रकम भन्दा कम भएमा प्रचलित कानूनबमोजिम उपलब्ध गराउने उल्लेख छ ।यस पालिकामा स्वास्थ्य तर्फका ३२ कर्मचारी रहेको र स्वास्थ्य तर्फ तलबी प्रतिवेदन समेत पारित नगरेकोले ग्रेड रकम भिडान गर्न सकिएन।तसर्थ पालिकाले तलबी प्रतिवेदन पारित गरेर मात्रै तलब भत्ता खर्च लेख्ने तर्फ ध्यान दिनुपर्दछ ।

१०६. **सामाजिक सुरक्षा भत्ता -** पालिकाले चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा तर्फ जम्मा रु ७,९४,१८,४०० खर्च भएको विवरण पेश गरेको छ । यस सम्बन्धि व्यहोरा निम्नानुसार रहेको छन् ।

१०६.१ **नविकरणको विवरण अद्यावधिक-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ (१) मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र सामाजिक सुरक्षा नियमावलीको नियम ९ बमोजिम लाभग्राहीको नविकरणको अभिलेख अनिवार्य रुपमा प्रणालीमा अध्यावधिक गर्नु पर्ने, उपदफा २ मा उक्त विवरण अद्यावधिक नभई सामाजिक सुरक्षा भत्ता वितरण गर्न नपाइने व्यवस्था छ । नगरपालिकाका सबै वडाहरुको नविकरणको विवरण अद्यावधिक गरेको पाइएन् । कार्यविधिमा भएको व्यवस्था बमोजिम लाभग्राहीहरुको नविकरणको विवरण अद्यावधिक गरेर मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । उदाहरणको लागि- प्रथम त्रैमासिक विवरणको तथ्याङ्क निम्नानुसार छ ।

| वडा नं | नविकरण भएका लाभग्राहीको संख्या | थप भएका लाभग्राहीको संख्या | लगत कट्टा भएका लाभग्राहीको संख्या | जम्मा | भत्ता वितरण भएका लाभग्राहीको संख्या |
|---|---|---|---|---|---|
| १ | २२ | १३ | ० | १२२ | ८७ |
| २ | २४ | ३८ | ४ | २१८ | १५२ |
| ३ | १७ | २८ | ४ | २५५ | २०६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | २४ | २३ | २ | १८० | १३१ |
| ५ | २५ | ३४ | ४ | ३०९ | २४६ |
| ६ | ७५ | २६ | ७ | ३५५ | २४७ |
| ७ | ३९ | २५ | ४ | २७१ | २०३ |
| ८ | ५२ | ४० | ८ | ३६९ | २६९ |
| | २७८ | २२७ | ३३ | २०७९ | १५४१ |

१०६.२ **निष्कृय खाताको विवरण -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३ मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले लाभग्राहीका खाताहरु मध्ये निष्कृय खाताको विवरण (एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राही को विवरण) सम्बन्धित स्थानिय तहलाई दिनु पर्ने व्यवस्था छ ।लेखापरिक्षण अवधिभर सो सम्बन्धित विवरण माग गर्दा उपलब्ध हुन नसकेकोले निष्कृय खाताको अवस्था एकिन हुन सकेन ।

१०६.३ **पारदर्शिता कायम गर्नु पर्ने -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ मा २) स्थानीय तहले भुक्तानी गरेको रकम बुझी लिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नु पर्ने, उपदफा ३ मा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। नगरपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा राख्नु पर्नेमा राखेको छैन् । सामाजिक सुरक्षा भत्ता वितरण कार्य प्रक्रियालाई पारदर्शि बनाउन नगरपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली आफ्नो वेभसाइटमा समेत राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

१०७. **आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ५०००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३०३०४२५ अर्थात अनुमान भन्दा ६०.६ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१०८. **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| कुल खर्च | आन्तरिक आय | कुल खर्चमा आन्तरिक आयको प्रतिशत |
|---|---|---|
| ६०८०५९१६९ | ३०३०४२५ | ०.४९ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.४९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१०९. **वडागत राजश्व** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ८ वटा वडा पालिकामा प्राप्त भएको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र प्राप्त आम्दानी अनुसार दाखिला भएको छ/छैन भन्न सम्बन्धमा वडा वडाबाट रसिद ठेली आइ नपुगेको हुदा एकिन हुन सकेन ।

११०. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ७००००० | ० | ० |
| भूमिकर/मालपोत कर | २००००० | २००००० | १०० |
| घरजग्गा वहाल कर | ४०००० | ४०००० | १०० |
| वहाल विरौटी शुल्क | १००००० | १००००० | १०० |
| अन्य कर | २०००००० | १३७१५७४ | ६८.५ |

| | | | |
|---|---|---|---|
| अन्य सेवा शुल्क तथा विक्री | १८०००००० | १२३१०५१ | ६८.३ |
| अन्य प्रशासनिक सेवा शुल्क | १६०००० | ८७८०० | ५४.८ |
| | ५०००००० | ३०३०४२५ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१११. **राजस्व दाखिला** - कार्यालयले यसवर्ष रु ३०,३०,४२५ राजश्व असुली गरेकोमा राख्नुपर्ने मलेप फारम नं लगायतका अभिलेख नराखेको, प्राप्त राजश्व रसिदवाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको र प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा आन्तरिक रुपमा परीक्षण भिडान गर्ने व्यवस्था नभएकोले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा एकिन हुन सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: मालिकार्जुन गाउँपालिका, दार्चुला , मालिकार्जुन गाउँपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरज प्रसाद जोशी | २०७८-९-२१ | २०८०-२-१७ |
| कार्यालय प्रमुख | नर बहादुर ठगुन्ना | २०८०-२-१८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुस्कर सिह बिष्ट | २०७८-२-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,४३४,७७३ | १६,१४२,०२९ | १०,६२५,५०६ | ० | ० | ८७५,९९० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३०,०७८,२९८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ८,४०० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३०,०६९,८९८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २५९५२८९६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३४३२६००० | **चालु खर्च** | ३५७६४४४९७ |
| **प्रदेश सरकारबाट अनुदान** | १९६५२००० | **पूँजीगत खर्च** | १४६९४९२२० |
| **राजश्व बाँडफाँट** | ६१९१४०६० | **वित्तीय/अन्य व्यवस्था** | १४२०६९५१८ |
| **आन्तरिक आय** | ३०३०४२५.० | | |
| **अन्य आय** | १२४६१३४९७ | | |

| | | | |
|---|---|---|---|
| **कुल आय** | ६४३५३५९८२ | **कुल खर्च** | ६४६६६३२३५ |
| **बाँकी मौज्दात** | | २२८२५६४३ | |